# वार्षिक ई-बुलेटिन

आर्थिक वर्ष ०७६/७७




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

रामेछाप

Website: daoramechhap.moha.gov.np

# सम्पादक मण्डल

| | |
|---|---|
| सल्लाहकार : | श्री रुद्रादेवी शर्मा<br>प्रमुख जिल्ला अधिकारी |
| सम्पादक मण्डल : | |
| | श्री राजुप्रसाद पौडेल (सहायक प्रमुख जिल्ला अधिकारी) |
| | श्री भाष्कर दाहाल (प्रशासकीय अधिकृत) |
| | श्री रामप्रसाद भट्टराई (प्रशासकीय अधिकृत) |
| | श्री लक्ष्मण भुजेल (नायव सुब्बा) |
| | श्री सरोज कुमार श्रेष्ठ (कम्प्युटर अपरेटर) |
| | श्री कुमार दास श्रेष्ठ (कम्प्युटर अपरेटर) |


| | |
|---|---|
| प्रकाशक : | जिल्ला प्रशासन कार्यालय, रामेछाप |
| फोन नं. : | ०४८-५४०३३३ (प्र.जि.अ.) |
| : | ०४८-५४०५०१ (स.प्र.जि.अ.) |
| : | ०४८-५४०३७० (प्रशासकीय अधिकृत) |
| : | ०४८-५४०१३३ |
| फ्याक्स : | ०४८-५४००८८ (**DECO**) |
| टोल फ्रि नं. : | १६६०४८५४८८८ |
| वेभसाइट : | daoramechhap.moha.gov.np |
| इमेल : | daoramechhap@gmail.com |
| फेसबुक : | https://www.facebook.com/daoramechhap |

प्रकाशन मिति : २०७७ श्रावण



सर्वाधिकार © जिल्ला प्रशासन कार्यालय, रामेछाप

# मन्तव्य



जिल्लामा शान्ति सुरक्षा कायम गरी जनताको जिउ धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उदेश्य रहेको छ । नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ वटा स्थानीय तहको व्यवस्था सहितको नेपाल संघीय राष्ट्रको रुपमा स्थापित भएको छ ।नेपाल सरकारको संघीय कार्यालयको प्रतिनिधीको रुपमा रही प्रदेश र स्थानीय तह बिच समन्वयात्मक रुपमा काम गरि सार्वजनिक सेवालाई प्रभावकारी तुल्याई सुशासनको प्रत्याभूति गर्ने काममा जिल्ला प्रशासन कार्यालयको महत्वपुर्ण भूमिका रहेको छ । प्रचलित कानुन, नेपाल सरकारको नीति, निर्देशनमा रही जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा शुरु कार्वाही र न्यायिक निर्णय गर्ने, सार्वजनिक सेवालाई सरल, सहज, पारदर्शिता, जनमुखी, उत्तरदायी बनाई सुशासन कायम गर्ने, विकास निर्माणका कार्यमा सहजीकरण गर्ने, निजी क्षेत्रको विकासमा सहयोगी, उपभोक्ता हित संरक्षण, महिला वालवालिका तथा ज्येष्ठ नागरिक र समाजको असहाय वर्गको संरक्षण गर्ने, दण्डहिनताको अन्त गर्ने प्रमुख भूमिकामा जिल्ला प्रशासन कार्यालय रहेको छ ।

सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४, नियमावली, २०६५ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ को व्यवस्थालाई सम्मान गर्दै यस कार्यालयबाट सम्पादित कार्यको सरोकारवाला निकायलाई जानकारी गराउने प्रयोजनमा आ.व. २०७६/७७ मा सम्पादित कार्यहरुको विवरण समेटेर वार्षिक ई-वुलेटिन २०७६/०७७ प्रकाशन गरिएको छ । कार्यालयसँग सम्बन्धित कार्यको जानकारी चाहानुहुने महानुभावहरुको लागि उपयोगी हुनेछ । भन्ने विश्वास राख्दै यस प्रकाशनको अध्ययन गरी महत्वपूर्ण सुझावको अपेक्षा गरिएको छ ।

अन्तमाः यस वुलेटिन तयार गर्न सहयोग गर्नु हुने जिल्ला प्रशासनमा कार्यरत साथीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

# विषय सूची


**१. रामेछाप जिल्लाको संक्षिप्त परिचय**

१.१. नक्सा रामेछाप जिल्ला १

१.३ जिल्ला स्थित स्थानीय तहको विवरण २

१.४ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु २

**२. जिल्ला प्रशासन कार्यालयको संक्षिप्त परिचय**

२.१ पृष्ठभूमि ३

२.२ हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण ३

२.३ कर्मचारी दरबन्दी ४

२.४ हाल कार्यरत कर्मचारीहरुको विवरण ४

**३. जिल्ला प्रशासन कार्यालय रामेछापले गर्ने मुख्य मुख्य कार्यहरु**

३.१ शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्यः ५

३.२ स्थानीय प्रशासन सम्बन्धी कार्यः ५

३.३ नागरिकता सम्बन्धी कार्य ५

३.४ राहदानी सम्बन्धी कार्यः ५

३.५ विपद् व्यवस्थापन सम्बन्धी कार्यः ५

३.६ अर्धन्यायिक कार्यः ६

३.७ बजार अनुगमन तथा उपभोक्ताहित सम्बन्धि कार्य : ६

३.८ लागू औषध नियन्त्रण सम्बन्धि कार्य : ६

३.९ अन्य कार्य ६

**४. काम, कर्तव्य र अधिकार** ६

**५. चालु आ.व. ०७७/७८ मा सम्पादित कार्यहरु**

५.१ आ.व. ०७६/७७ को बार्षिक कार्यप्रगति विवरण ७

५.२ जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु ७

५.२.१ जिल्ला सुरक्षा समितिको बैठक ७

५.२.२ स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम ७

५.२.३ सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम ७

५.२.४ चाडपर्व लक्षित सुरक्ष योजना ८

५.२.५ लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना अद्यावधिक ८

५.२.६ राजमार्गमा हुने अवरोध हटाउने रोष्टर/समूह र कार्ययोजना निर्माण ८

५.२.७ स्थानीय तह उपनिर्वाचन सुरक्षा योजना ८

५.२.८ अन्तर जिल्ला समन्वय बैठक ९

५.२.९ सुरक्षा निकाय तथा मातहतका इकाईहरुको अनुगमन ९

५.२.१० सामुदायिक साझेदारी कार्यक्रम ९

५.२.११ सदाचार पद्धतिको विकास ९

५.२.१२ उजुरी र गुनासो सम्बोधन ९

**५.३ सुशासन प्रबर्धनका लागि गरिएका कार्यहरु**

५.३.१ कार्यालयको आन्तरिक व्यवस्थापन १०

५.३.२ कार्यालय प्रमुखसँग बैठक ११

५.३.३ सूचना अधिकारीको बैठक ११

५.३.४अनुगमन तथा मुल्याङ्कन समितिको बैठक ११


५.३.५ जिल्ला स्थित सरकारी कार्याहरुको छड्के अनुगमन ११

५.३.६ स्थानीय तहका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक ११

५.३.७ कर्मचारीको नियमित बैठक १२
५.४ राष्ट्रिय परिचय पत्र सम्बन्धि कार्य १२
५.५ भौतिक निर्माण
५.५.१ प्रतिक्षालय निर्माण १२
५.६ अन्य कार्यहरु १२
**६. विपद् व्यवस्थापन सम्बन्धि**
६.१ बाढी तथा पहिरोबाट उच्च सर्तकता १३
६.२ सलह किराको संभावित प्रकोप पूर्व तयारी
६.३ मौसम पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ १३
६.४ विपद् पीडित परिवारलाई राहत वितरण १३
६.५ जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका मुख्य-मुख्य निर्णयहरु १३
६.६ घरमै पुगी राहत वितरण १६
६.७ जिल्ला विपद् व्यवस्थापन समिति एवं स्थानीय विपद् व्यवस्थापन समितिको कोषमा रहेको रकम १६
६.८ विपद्का घटनाको कृतिम अभ्यास १७
६.९ हेलिप्याड निर्माण १७
६.१० हेलिकप्टरबाट उद्धार १७
**७. बजेट तथा खर्च** १८
**८. बजार अनुगमन**
८.१ उपभोग्य बस्तुहरुको आपूर्ति व्यवस्थापन तथा अनुगमन १९
८.२ एभरेष्ट गेटवे मिनीमार्ट र ट्रेकर्स ट्रान्जिट क्याफे सिल १९
८.३ आपूर्ति व्यवस्थापन तथा अनुगमन गुनासो सुनुवाई संयन्त्र २०
**९. जिल्ला स्थित कार्यालय तथा कार्यालय प्रमुखहरुको सम्पर्क नं. सहितको नामावली विवरण** २१
**१०. कोभिड-१९ सम्बन्धि**
१०.१ कोभिड-१९ सँग सम्बन्धि विभिन्न समितिहरु २२
१०.२ कोभिड-१९ सम्बन्धि भएका मुख्य-मुख्य निर्णयहरु २३
१०.३ जिल्ला प्रवेश नाकामा होल्डिङ्ग सेन्टर स्थापना २६
१०.४ कोभिड-१९ को सम्बन्धि विवरण (आषाढ मसान्त सम्म) २७
१०.५ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछापका कार्यहरु २७
१०.६ एम्बुलेन्स चालकलाई अभिमुखिकरण र शव व्यवस्थापनको डेमो प्रदर्शन २७
१०.७ जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण २८
१०.८ संघीय मा. स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्रीज्यूबाट अनुगमन तथा निरीक्षण २९
१०.९ बुथ हस्तान्तरण २९
**११. आयोजना अनुगमन** ३०
११.१ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारीद्वारा अनुगमन ३१
**१२. स्थानीय तहबाट थालनी भएका अभ्यासहरु** ३१
**१३. नेपाल रेडक्रस सोसाइटी रामेछापबाट भएका कार्यहरु** ३२
**१४. रामेछाप उद्योग बाणिज्य संघको गतिविधि** ३३
**१५. नेपाल प्रहरीद्धारा श्रमिकलाई घर फिर्ता** ३४
**१६. सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रामेछापद्धारा लकडाउनमा गरिएका कार्यहरु** ३४
**१७. नेपाली सेनाद्धारा गरिएका कार्यहरु** ३४

# १. रामेछाप जिल्लाको संक्षिप्त परिचय

## १.१. नक्सा रामेछाप जिल्ला




## १.२ तथ्याङ्कमा रामेछाप

| | |
|---|---|
| प्रदेश | : बागमती |
| क्षेत्रफल | : १५४६ वर्ग कि.मि. |
| अक्षांश/देशान्तर | : अक्षांश २७°२८' देखि २७°५०' देशान्तर ८५°५०' देखि ८६°३५' |
| सिमाना | : पूर्वमा ओखलढुंगा (लिखु खोला),पश्चिम काभ्रे (चौरीखोला), उत्तर दोलखा (शैलुङ्गलेक) दक्षिण सिन्धुली (सुनकोशी नदी) र उत्तर पूर्व सोलुखुम्बु |
| समुद्र सतहदेखि उचाई | : ३७९ मिटर (कोलोन्जोरघाट) देखि ६९५८ मिटर (नुम्ब्र चुली) |
| सदरमुकाम | : मन्थली |
| निर्वाचन क्षेत्र संख्या | : प्रतिनिधि सभा १ (एक) र प्रदेश सभा २ (दुई) |
| मुख्य जातजाति | : तामाङ, क्षेत्री, बाहुन, नेवार, शेर्पा, सुनुवार, माझी, पहरी, भुजेल, सार्की, परियार, विश्वकर्मा, मगर, गुरुङ्ग, राई, कसाई, हायू, थामी आदि । |
| कुल जनसंख्या | : २०१४२३ (महिला १०९२४० र पुरुष ९२१८३) |

## १.३ जिल्ला स्थित स्थानीय तहको विवरण

| क.स. | स्थानीय तहको नाम | केन्द्र |
|---|---|---|
| १. | मन्थली नगरपालिका | मन्थली |
| २. | रामेछाप नगरपालिका | रामेछाप |
| ३. | उमाकुण्ड गाउँपालिका | प्रीति, च्यादलु |
| ४. | खाँडादेवी गाउँपालिका | माकादुम |
| ५. | गोकुलगंगा गाउँपालिका | रस्नालु |
| ६. | लिखु तामाकोशी गाउँपालिका | धोवी |
| ७. | दोरम्बा गाउँपालिका | टोकरपुर |
| ८. | सुनापति गाउँपालिका | सादीडाँडा |

## १.४ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| क.स. | विवरण | ठेगाना |
|---|---|---|
| **धार्मिक स्थलहरु** | | |
| १. | खाँडादेवी मन्दिर | खाँडादेवी गापा |
| २. | भृङ्गेश्वर | लिखु तामकोशी गापा-४ |
| ३. | थानापति महादेव मन्दिर | मन्थली नपा-९ |
| ४. | नर्वदेश्वर महादेव (त्रिवेणी) | खाडादेवी गापा -४ |
| ५. | सतलिङ्गेश्वरु महादेव | सुनापति गापा-१ |
| ६. | केवलेश्वर महादेव | रामेछाप नपा-८ |
| ७. | शैलुङ्गेश्वर महादेव | दोरम्बा गापा-४ |
| ८. | गुसेश्वर भगवती | उमाकण्ड गापा-७ |
| ९. | उमातिर्थ भगवती | उमाकण्ड गाप-१ गुम्देल |

**पर्यटकीय स्थलहरु**

| क.स. | विवरण | ठेगाना |
|---|---|---|
| १. | सेर्दिङ्ग | उमाकुण्ड गापा |
| २. | शैलुङ्ग | दोरम्बा गापा |
| ३. | खाडादेवी मन्दिर | खाँडादेवी गापा |
| ४. | सुनापति डाँडा | सुनापति |
| ५. | अग्लेश्वरी | सुनापती |
| ६. | कालाडाँडा | उमाकुण्ड गापा-६ |
| ७. | तामे | उमाकुण्ड/गोकुलगंगा |
| ८. | मालागिरी | रामेछाप नपा-८ |
| ९. | शिवालय चुचुरे | गोकुगंगा गापा-१ |
| १०. | पाँचपोखरी, जट्टापोखरी | गोकुगंगा गापा-१ |
| ११. | ठोसे फलामखानी | गोकुलगंगा गापा-२ |


खाँडादेवी मन्दिर


थानापति महादेव मन्दिर


ताराखसे पोखरी


जट्टापोखरी


शैलुङ्ग लेक

# २. जिल्ला प्रशासन कार्यालयको संक्षिप्त परिचय

## २.१ पृष्ठभूमि

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उद्देश्य रहेको छ । यसका साथै नेपाल सरकारको संघीय कार्यालयको प्रतिनिधिको रूपमा रही सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरू रहेका छन्।

स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जिल्लाको शान्ति सुव्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा जिल्ला प्रशासन कार्यालयको प्रमुखको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने छ भन्ने व्यवस्था गरेको छ ।

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन सम्बन्धि कार्य, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरूद्धका कसुरहरूमा अर्धन्यायीक निकायको रूपमा शुरू कार्वाही र न्यायीक निर्णय गर्ने, कालोबजारी नियन्त्रण गर्ने साथै विकासात्मक कार्यहरूमा समन्वय सहजीकरण गर्ने कार्यहरू रहेका छन् ।

यसका साथै नागरिकता प्रमाणपत्र जारी गर्ने, नावलक परिचय पत्र, राहदानी वितरण, राष्ट्रिय परिचय पत्र विवरण दर्ता गर्ने जस्ता नागरिकका आधारभूत अधिकारहरु अन्तर्गतका सेवा प्रवाह सम्बन्धि कार्यरु गर्दछ । विभिन्न किसिमका सिफारिस तथा प्रमाणित, संस्था दर्ता तथा नविकरण आदि कार्यहरु यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्दछन् ।



## २.२ हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| सि.नं. | नाम,थर | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|
| १. | श्री रामनारायण सिंह | २०२८ | २०२९ चैत्र | |
| २. | श्री सम्बरबहादुर श्रेष्ठ | २०३० बैशाख | २०३१ जेठ | |
| ३. | श्री गोविन्दलाल श्रेष्ठ | २०३१ असार | २०३३ असोज | |
| ४. | श्री मोहम्मद एनुलहक | २०३३ मंसिर | २०३४ फाल्गुण | |
| ५. | श्री रामचन्द्र उपाध्याय | २०३४ जेठ | २०३६ भाद्र | |
| ६. | श्री रघुनाथ भण्डारी | २०३६ असोज | २०३९ असोज | |
| ७. | श्री कृष्णमुरारी शर्मा | २०३९ कार्तिक | २०४० फाल्गुण | |
| ८. | श्री रामचन्द्र उपाध्याय | २०४१ बैशाक | २०४२ फाल्गुण | |
| ९. | श्री माधवबहादुर विष्ट | २०४२ फाल्गुण | २०४५ बैशाख | |
| १०. | श्री हरिकृष्ण खतिवडा | २०४५ जेठ | २०४६ असार | का.मु |
| ११. | श्री रामप्रसाद खतिवडा | २०४६ श्रावण | २०४७-०३-११ | |
| १२. | श्री ऋषीराम लामिछाने | २०४७-०३-१२ | २०४७-०५-११ | |
| १३. | श्री लक्ष्मीप्रसाद भट्टराइ | २०४७-०६-०४ | २०४८-०५-३० | |
| १४. | श्री हेमराज सापकोटा | २०४८-०८-१५ | २०४९-०९-०७ | |
| १५. | श्री कृष्णकुमार नेपाल | २०४९-०९-२० | २०५१-०१-०८ | |
| १६. | श्री माधवराज शर्मा | २०५१-०१-२५ | २०५१-११-०१ | |
| १७. | श्री गजेन्द्रराम भट्टराइ | २०५१-११-२१ | २०५२-०३-०४ | |
| १८. | श्री जन्मजय रेग्मी | २०५२-०३-०९ | २०५२-०६-२१ | |
| १९. | श्री मोहनसिंह खत्री | २०५२-०७-२८ | २०५४-०९-१५ | |
| २०. | श्री गंगाप्रसाद लुइटेल | २०५४-०९-२३ | २०५५-०५-०३ | |
| २१. | श्री शंकरप्रसाद कोइराला | २०५५-०५-०७ | २०५६-०८-०८ | |
| २२. | श्री लोकबहादुर खत्री | २०५६-०९-११ | २०५८-०५-०२ | |
| २३. | श्री त्रिलोकप्रसाद श्रेष्ठ | २०५८-०५-१० | २०५८-११-१५ | का.मु. |
| २४. | श्री प्रेम नारायण शर्मा | २०५८-१२-१६ | २०५९-०१-२४ | |
| २५. | श्री यादवप्रसाद ढुंगाना | २०५९-०१-२६ | २०५९-०४-२१ | |
| २६. | श्री त्रिलोकप्रसाद श्रेष्ठ | २०५९-०४-०३ | २०५९-१२-०९ | का.मु. |
| २७. | श्री चुडामणी बस्याल | २०६०-०१-०७ | २०६२-०६-१३ | |
| २८. | श्री मोहनप्रसाद वाग्ले | २०६२-०६-२१ | २०६४-०२-२५ | |
| २९. | श्री सुर्यप्रसाद श्रेष्ठ | २०६४-०३-०२ | २०६५-०७-०५ | |
| ३०. | श्री जीतेन्द्रबहादुर भण्डारी | २०६५-०७-२४ | २०६६-०९-१३ | |
| ३१. | श्री शंकर अर्याल | २०६६-१०-१० | २०६७-०९-१३ | |
| ३२. | श्री बलभद्र गिरी | २०६७-०९-२० | २०६९-०१-२४ | |
| ३३. | श्री डुल्लुराज बस्नेत | २०६९-०२-०५ | २०६९-११-२० | |
| ३४. | श्री गोपालप्रसाद पराजुली | २०६९-११-२१ | २०७१-०१-२२ | |
| ३५. | श्री शम्भुप्रसाद मरासिनी | २०७१-०२-०४ | २०७२-०२-२६ | |
| ३६. | श्री वासुदेव दाहाल | २०७२-०२-३१ | २०७२-०६-२६ | |
| ३७. | श्री शेषनारायण पौडेल | २०७२-०६-२८ | २०७३-०२-२४ | |
| ३८ | श्री प्रकाशचन्द्र अधिकारी | २०७३-०२-२१ | २०७३-११-१७ | . |
| ३९. | श्री सूर्य बहादुर खत्री | २०७३-११-१८ | २०७४-०५-०९ | |
| ४०. | श्री दिलीपप्रसाद लामिछाने | २०७४-०५-१२ | २०७५-०१-२२ | |
| ४१. | श्री कृष्ण प्रसाद शर्मा | २०७५-०१-२३ | २०७६-०१-०२ | |
| ४२. | श्री लिला कुमारी के.सी. पाण्डे | २०७५-०१-०२ | २०७६-१०-२२ | |
| ४२. | श्री रुद्रा देवी शर्मा | २०७६-१०-२४ | हाल सम्म | |

## २.३ कर्मचारी दरबन्दी

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | संख्या |
| --- | --- | --- | --- | --- | --- |
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ |
| ४ | ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ५ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | ३ |
| ७ | क.अ. | रा.प.अनं.प्रथम | नेपाल विविध | विविध | २ |
| ८ | का.स. | का.स.पाचौं | प्रशासन | सा.प्र. | ६ |
| ९ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | विविध | १ |
| | जम्मा | | | | २२ |



**सूचना अधिकारी**

राजु प्रसाद पौडेल

स.प्र.जि.अ.

सम्पर्क नं.

९८६३०२३००१

## २.४ हाल कार्यरत कर्मचारीहरुको विवरण

स्वीकृत संगठन संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणीको प्र.जि.अ.को नेतृत्वमा रा.प.द्वितीय श्रेणीको स.प्र.जि.अ., रा.प.तृतीय प्रशासकीय अधिकृत लगायत विभिन्न सेवा, समूह र श्रेणीका गरी कुल २२ जना कर्मचारी दरबन्दी रहेका छन् ।

| सि.नं. | पद | नाम थर | शाखा | सम्पर्क नं. |
| --- | --- | --- | --- | --- |
| १. | प्रमुख जिल्ला अधिकारी | रुद्रादेवी शर्मा | - | ९८५४०५७७७७ |
| २. | स.प्र.जि.अ. | राजुप्रसाद पौडेल | - | ९८६३०२३००१ |
| ३. | प्रशासकीय अधिकृत | भाष्कर दाहाल | - | ९८४१३४७५५९ |
| ४. | प्रशासकीय अधिकृत | रामप्रसाद भट्टराई | - | ९८४१४३११०२ |
| ५. | ना.सु. | रमेशकुमार काफ्ले | नागरिकता | - |
| ६. | ना.सु. | लक्ष्मण भुजेल | स्थानीय प्रशासन | ९८५४०४०१२३ |
| ७. | ना.सु. | सुवित कुमार सुनुवार | नागरिकता | ९८४५४७९३११ |
| ८. | ना.सु. | जीवन श्रेष्ठ | मुद्दा | |
| ९. | लेखापाल | हिमाला खत्री | लेखा | |
| १०. | कम्प्युटर अपरेटर | सरोजकुमार श्रेष्ठ | स्थानीय प्रशासन | ९८६४०१८००२ |
| ११. | कम्प्युटर अपरेटर | खिलाबहादुर महत | स्थानीय प्रशासन | ९८५४०४०४१६ |
| १२. | कम्प्युटर अपरेटर | कुमारदास श्रेष्ठ | रा.प.प.वि.द. | ९८५४०४००८० |
| १३. | खरिदार | यादवप्रसाद मिश्र | राहदानी | ९८४१४३२३०४ |
| १४. | खरिदार | सम्झना भुजेल | जिन्सी/राहदानी | ९८४४२१२५४७ |
| १५. | ह.स.चा. | शान्ति के.सी. | स्था.प्रशासन | ९८५४०४३७७७ |
| १६. | का.स. | पोष्टराज आचार्य | स्था.प्रशासन | ९७४४०५९६९६ |
| १७. | का.स. | बोधराज आचार्य | स्था.प्रशासन | ९७४४०००२४६ |
| १८. | का.स. | मोहनबहादुर मगर | स्था.प्रशासन | ९७४१०८४७२७ |
| १९. | का.स. | रामबाबु खत्री | स्था.प्रशासन | ९८४४०१०१८२ |
| २०. | का.स. | बीरबल पुरी | स्था.प्रशासन | ९८४४०४४३४१ |
| २१ | का.स. | राममाया के.सी. | स्था.प्रशासन | ९८४४२८०३७७ |

## ३. जिल्ला प्रशासन कार्यालय रामेछापले गर्ने मुख्य मुख्य कार्यहरु

### ३.१ शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्यः

- शान्ति सुरक्षा कायम गर्ने ।
- सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- जिल्ला भित्र हुन सक्ने अपराध रोकथाम तथा नियन्त्रण गर्ने तथा सामाजिक अपराध न्यूनीकरणका लागि समुदायस्तर सम्म सचेतीकरण गर्ने ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।
- जिल्ला भित्र रहेका विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचनाहरु सुरक्षा प्रबन्ध मिलाउने।

### ३.२ स्थानीय प्रशासन सम्बन्धी कार्यः

- कर्मचारीहरुको अभिलेखन व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धि कार्यहरु गर्ने ।
- संघ संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने ।
- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने ।
- विष्फोटन पदार्थ प्रयोगको इजाजत, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- सार्वजनिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एवं निर्देशन अनुरुप भ्रष्टाचारको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी पेश गर्ने ।
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धि कार्य गर्ने ।
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने ।
- नावालक परिचय पत्र प्रदान गर्ने ।
- सार्वजनिक यातायात, सुशासन कायम गर्ने ।
- पारिवारिक विवरण/ पारिवारिक पेन्सन सम्बन्धी सिफारिस/प्रमाणित गर्ने ।
- आदिवासी/जनजाति, दलित, लोपोन्मुख जाति सिफारिस गर्ने ।
- छापाखाना तथा पत्रपत्रिका दर्ता गर्ने ।
- [illegible]

### ३.३ नागरिकता सम्बन्धी कार्य

- बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
- बैवाहिक अंगिकृत नागरिकताको प्रमाणपत्र वितरण गर्ने।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वितरण गर्ने ।
- नागरिकता सम्बन्धि अभिलेख प्रमाणित तथा सिफारिस गर्ने ।
- नाम, थर, जन्म मिति संशोधन गर्ने ।

### ३.४ राहदानी सम्बन्धी कार्यः

- राहदानी फाराम संकलन गर्ने/सिफारिस गर्ने ।
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने ।
- राहदानी वितरण गर्ने ।

### ३.५ विपद् व्यवस्थापन सम्बन्धी कार्यः

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने
- जिल्लामा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धमा आवश्यक कार्य गर्ने/गराउने ।
- विपद् व्यवस्थापनमा स्थानीय तह र अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग आवश्यक सहकार्य तथा समन्वय गर्ने ।
- विपद् पीडितहरुलाई स्वीकृत मापदण्ड अनुसार राहत विवतरण गर्ने ।
- मनसुन पूर्वतयारी कार्ययोजना तयार गर्ने र कार्यान्वय गराउने ।
- विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एवं निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यक कार्य गर्ने/गराउने ।
- सबै स्थानीय तहमा रहेको स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउन समन्वय गर्ने ।
- विपद्को क्षति विवरण संकलन तथा विपद् पीडितहरुलाई क्षतिपूर्ति एवं राहत वितरण गर्ने ।

### ३.६ अर्धन्यायिक कार्य:

- प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने
- सार्वजनिक शान्ति विरुद्धको कसुरहरुको शुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- जिल्लाका विकास सम्बन्धि गतिविधिहरुको अवलोकन, निरीक्षण, आएका समस्याहरुको समाधान गर्ने ।

### ३.७ बजार अनुगमन तथा उपभोक्ताहित सम्बन्धि कार्य :

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आर्पूर्ति, पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने
- उपभोक्ताहित संरक्षणको लागि सचेतीकरण गर्ने । उपभोक्ताहित सम्बन्धी कार्य गर्ने ।

### ३.८ लागू औषध नियन्त्रण सम्बन्धि कार्य :

- लागू औषध तथा मदिराको प्रयोगलाई पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वास्थ, सदाचारी, नैतिकवान बनाउने अभियानको रुपमा लागूऔषध विरुद्ध सचेतना अभियान सञ्चालन गर्ने ।
- गृह मन्त्रालयबाट तयार भएको लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७५ को अधिनमा रही निर्माण गरिएको लागूऔषध नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०७५ लाई अद्यावधिक गरी कार्यान्वयन गर्ने।

### ३.९ अन्य कार्य

- संघीय, प्रादेशिक र स्थानीय सरकार बीच समन्वय गर्ने ।
- जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने ।
- जिल्ला स्तरीय कार्यालयहरुको निरीक्षण तथा अनुगमन गर्ने।
- विकास निर्माण कार्यमा सहयोग तथा सहजीकरण
- जिल्ला स्थित प्रादेशिक तथा स्थानीयस्तरका कार्यालयहरु
- बीच सहयोग र समन्वय गर्ने ।
- सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा सुशासन कायम गर्ने तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग, समन्वय तथा अनुगमन गर्ने ।
- नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णय एवं निर्देशन बमोजिम कार्य गर्ने ।

## ४. काम, कर्तव्य र अधिकार

स्थानीय प्रशास ऐन, २०२८ लगायतका अन्य ऐन कानूनहरुले तोके बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

- शान्ति सुरक्षा सम्बन्धी कार्य ।
- जिल्ला स्थित कार्यालयहरुको समन्वय एवं अनुगमन ।
- नेपाली नागरिकताको प्रमाण पत्र तथा प्रतिलिपी नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य ।
- राहदानी सिफारिस तथा वितरण ।
- साविकमा भएका विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- नावालक परिचय पत्र जारी तथा प्रतिलिपी दिने कार्य ।
- साविकमा भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी।
- हातहतियार इजाजत दर्ता, नविकरण एवं प्रतिलिपी दिने कार्य ।
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धि कार्य ।
- शान्ति सुरक्षा माग गरेमा विश्लेषण गरी सुरक्षा प्रदान गर्ने कार्य ।
- नाम, थर, उमेर फरक परेमा सिफारिस गर्ने कार्य ।
- कुनै व्यहोरा प्रमाणित एवं सिफारिस गर्ने कार्य ।
- बजार अनुगम गर्ने कार्य ।
- तोकिएका न्यायिक कार्य
- अन्य निकायबाट तोकिएका कार्यहरु
- कुनै पनि निकायमा नतोकिएका कार्यहरु

# ५. चालु आ.व. ०७७/७८ मा सम्पादित कार्यहरु

## ५.१ आ.व. ०७६/७७को बार्षिक कार्यप्रगति विवरण

| क्र.स. | विवरण | परिणाम |
|---|---|---|
| १. | नेपाली नागरिकता प्रमाणपत्र नयाँ | ४३६२ |
| | प्रतिलिपी | २५६६ |
| | बैवाहिक अंगिकृत | १ |
| २. | नावालक परिचय पत्र | ४८० |
| ३. | राहदानी द्रुत सिफारिस | ४७६८ |
| | कार्यालयबाट सिफारिस | ३४५६ |
| | वितरण | २२७७ |
| ४. | सिफारिस तथा प्रमाणित | ६५५ |
| ५. | अनुगमन | |
| | बजार अनुगमन | ९ |
| | कार्यालय अनुगमन | ३ |
| | विकास निर्माणसँग सम्बन्धित योजना/आयोजनाहरु | १७ |
| ६. | संस्था दर्ता | ३१ |
| | संस्था नविकरण | १२४ |
| ७. | मुद्दा दर्ता (अ.ल्या.समेत) | ४८ |
| | मुद्दा फैसला | ८ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्राप्त उजुरी | १३ |
| | फर्छौट | ७ |
| ९. | ठाडो उजरी दर्ता | १४३ |
| | ठाडो उजुरी फर्छौट | १३७ |
| १०. | जिल्ला सुरक्षा समिति बैठक | ३९ |
| ११. | जिल्ला विपद् व्यवस्थापन समिति बैठक | ४ |
| १२. | कार्यालय प्रमुख बैठक | १० |
| १३. | कोभिड-१९ सम्बन्धि बैठक | १८ |
| १४. | सर्वपक्षीय बैठक | ७ |
| १५. | अन्तर जिल्ला समन्वय बैठक (रामेछाप-ओखलढुंगा-दोलखा) | ३ |
| १६. | सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृतसँग बैठक | २ |
| १७. | विविध बैठक | ३८ |
| १८. | विपद् पीडित राहत वितरण (मृतक ५ जना सहित) | रु. १२,०३,०००।- |
| १९. | द्वन्द्व पीडित राहत वितरण | रु. १५,०८,६००।- |
| २०. | विपद् पीडित (मृतक ५ जना समेत) राहत वितरण ८९ घर परिवारलाई | रु. १२,३०००।- |
| २१. | सवारी दुर्घटना पीडितलाई क्षतिपूर्ति वितरण | ५० लाख |
| २२. | राजस्व संकलन | रु. ९१,१४,५००।- |
| २३. | चालू खर्च (प्रतिशतमा) | ९५.३४ |
| २४. | पूँजीगत खर्च (प्रतिशतमा) | ९९.९६ |
| २५. | प्रदेशबाट प्राप्त विपद् खर्च (प्रतिशतमा) | ७७.११% |

## ५.२ जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु

### ५.२.१ जिल्ला सुरक्षा समितिको बैठक

जिल्लामा शान्ति सुरक्षा कायम गर्न, चाडपर्व विशेष सुरक्षा व्यवस्था गर्न, स्थानीय तहको उपनिर्वाचनलाई सफल बनाउन, अपराधजन्य तथा गैरकानूनी क्रियाकलापलाई नियन्त्रण गर्न, एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक गर्ने लगायत कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न, नेपाल सरकारबाट जारी लकडाउनको आदेशलाई प्रभावकारी बनाउन, जिल्लाको समग्र शान्ति सुरक्षा तथा अमनचयन एवं सुशासन कायम गर्न ३९ पटक जिल्ला सुरक्षा समितिको बैठक बसी गरिएका निर्णयहरु पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

### ५.२.२ स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम

समाजमा घट्न सक्ने विभिन्न अपराधजन्य क्रियाकपाल एवं लागू औषधको अवैध ओसारपसार, शान्ति सुरक्षा भंग हुने विभिन्न हिसात्मक गतिविधि लगायत जिल्ला स्थित संघ र प्रदेश तहका कार्यालयहरुबाट प्रवाह हुने सेवा, विकास निर्माण, विपद् व्यवस्थापन, सामाजिक कुरीति/कुप्रथा, बालविवाह, वहुविवाह, योजना तर्जुमा छनौट, कार्यान्वय विषयमा सरोकारवाला जिल्लाका स्थानीय तहमा स्थानीयसँग छलफल अन्तरक्रिया गरिएको र छलफलमा उठेका विषयहरु, सुझावहरु लगायत विकास निर्माणसँग सम्बन्धित समस्याहरुको तत्काल समन्वय गरी सम्बोधन गर्ने गरिएको ।

### ५.२.३ सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम

सीमा क्षेत्रमा हुन सक्ने अपराधजन्य क्रियाकलाप नियन्त्रण गर्न रामेछाप-सोलुखुम्ब-ओखलढुंगाको सीमा क्षेत्र अन्तरगत उमाकुण्ड गाउँपालिका वडा नं. १ गुम्देलमा तीनै जिल्ला सुरक्षा निकाय, सीमा क्षेत्रका नागरिक, स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी सहितको उपस्थितिमा वृहत अन्तरक्रिया गरी एक जिल्लामा अवाञ्छित गतिविधिमा संलग्न व्यक्ति वा समूह अर्को क्षेत्र वा जिल्ला जाने सक्ने, नदीजन्य र वनजन्य अपराधिक क्रियाकलाप एवं अबैध विक्रि वितरण, ओसार पसार साथै गैर कानुनी अपराधिक क्रियाकलाप न्यूनीकरण र निरुत्साहन गर्ने लगायतका विषयमा छलफल तथा अन्तरक्रिया गरियो ।

## ५.२.४ चाडपर्व लक्षित सुरक्षा योजना

रामेछाप जिल्लामा मनाइने तीज, दशै, तिहार, फागुपूर्णिमा जस्ता चाडपर्वहरुमा हुन सक्ने चोरी, डकैती, लुटपाट, झै-झगडा, हत्या हिंसा लगायतका अपराधिक गतिविधिलाई नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाई निरन्तर चेकजाँच, गस्ती, अभिमुखीकरण, सूचना प्रवाह गरी विशेष सुरक्षा योजना बनाई कार्यान्वयन गरी जिल्लाको शान्ति सुरक्षा कायम गरिएको ।



## ५.२.५ लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना अद्यावधिक

लागू औषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्य योजना, २०७५ लाई अद्यावधिक गरी लागू आ.व. ०७६/७७ को लागू औषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्य योजना, २०७६ निर्माण गरिएको छ । सोही कार्य योजना बमोजिम कुल ८ रोपनी जग्गाको गाँजा फडानी गरिएको र घरेलु मदिरा १२८५ लिटर नष्ट लगायत विभिन्न कार्यक्रम सञ्चालन र नियन्त्रण गरिएको छ ।



## ५.२.६ राजमार्गमा हुने अवरोध हटाउने रोष्टर/समूह र कार्ययोजना निर्माण

राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ अनुसार राजमार्ग नजोडिएको जिल्ला भएतापनि आ.व. ०७६/७७ मा २ पठक समन्वय समितिको बैठक बसी राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ को अनुसूची १ बमोजिम कार्यका लागि समूह परिचालन कार्ययोजना, २०७६ निर्माणगरी बाढी, पहिरो एवं कुनै कारणबाट सडक मार्ग अवरोध/अवरुद्ध भएमा सरोकारवालाहरु सँगको समन्वयमा तत्काल सञ्चालनमा ल्याई समूह परिचालन गरिएको छ ।

सडकमा हुने अवरोध हटाउनको लागि नेपाल प्रहरीको QRT र सशस्त्र प्रहरी बल नेपालको IRT खटाउने गरिएको। साथै सडक अवरुद्ध भएमा सरोकारवालाहरुसँग समन्वयगरी अवरुद्ध सडक खुलाउने गरिएको ।

## ५.२.७ स्थानीय तह उपनिर्वाचन सुरक्षा योजना



स्थानी तह उपनिर्वाचन एकीकृत सुरक्षा योजना, २०७६ तयार गरी यस जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ५ मा मिति २०७६/०८/१४ गते भएको उपनिर्वाचनमा प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुख, अन्य सरकारी निकायहरु बिच समन्वय गरी स्वच्छ, मर्यादित र शान्तिपूर्ण रुपमा उपनिर्वाचन सम्पन्न गरिएको ।

### ५.२.८ अन्तर जिल्ला समन्वय बैठक

सिमा जोडिएका ५ वटा जिल्लाहरु मध्ये ओखलढुंगासँग २ पटक, दोलखासँग २ पटक र सिन्धुली-काभ्रे र सिन्धुपाल्चोकसँग १ पटक गरी जम्मा ३ पटक जिल्ला सुरक्षा समिति बिच शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, सेवाप्रवाह लगायतका विषयमा आपसी सहयोग तथा समन्वय अभिवृद्ध गर्न अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।



### ५.२.९ सुरक्षा निकाय तथा मातहतका इकाईहरुको अनुगमन

जिल्ला शान्ति सुरक्षा सुव्यवस्था काय गर्ने, अपराध नियन्त्रण गर्ने, विपद् व्यवस्थापन लगायतका कार्यहरुलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी कार्यालय २ पटक, जिल्ला प्रहरी कार्यालय ४ पटक, ५ वटा इलाका प्रहरी कार्यालय, १८ वटा प्र.चौ. र २ वटा अस्थायी पोष्ट सबै अनुगमत तथा निरीक्षण गरी आवश्यक निर्देशन दिईएको छ ।



### ५.२.१० सामुदायिक साझेदारी कार्यक्रम

जिल्लाको ९१ वटा माध्यमिक विद्यालय मध्ये ४७ वटा विद्यालयमा समुदायमा साझेदारी कार्यक्रम सञ्चालन गरिएको । कोभिड-१९ को रोकथाम, नियन्त्रणमा विभिन्न पर्चा, पम्प्लेट, सूचना, सन्देशहरु प्रचार प्रसार गरिएको छ ।



### ५.२.११ सदाचार पद्धतिको विकास

सरकारी निकाय/संघ संस्थाले गरेका योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई, भ्रष्टाचारका १३ वटा उजुरी मध्ये ७ वटा फछ्यौंट गरिएको र ६ वटा प्रक्रियामा रहेका छन् । सबै सरकारी कार्यालयलाई भए गरेका खर्चको सार्वजनिक गर्न निर्देशन गरिएको, सार्वजनिक निकाय/कार्यालयमा हुन सक्ने अनियमित कार्यको सुक्ष्म अनुगमन भएको ।

### ५.२.१२ उजुरी र गुनासो सम्बोधन

विभिन्न १४५ वटा ठाडो उजुरी मध्ये १३७ वटा फछ्यौंट गरिएको छ । पर्न आएका उजुरी र गुनासो सम्बन्धमा सम्बन्धित निकायलाई लेखि पठाउने, सम्बन्धित व्यक्तिलाई झिकाई मेलमिलाप गराउने, फछ्यौंट गर्न लगाउने, क्षतिपूर्ति तिर्न लगाउने गरिएको ।

कार्यालय वा सार्वजनिक स्थलमा जाँदा आपसमा दुरी कायम गरौं,
अनिवार्य मास्कको प्रयोग गरौं, समय समयमा साबुन पानी वा स्यानीटाइजरले हात धुने गरौं ।

## ५.३ सुशासन प्रबर्धनका लागि गरिएका कार्यहरु

### ५.३.१ कार्यालयको आन्तरिक व्यवस्थापन

#### क) कार्यालयको सरसफाई

जिल्ला स्थित सबै कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर स्वच्छ र सफा राख्न निर्देशन दिएको साथै यस कार्यालयमा महिनाको दुई पटक प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष अगुवाईमा कार्यालयका सम्पूर्ण कर्मचारी सहित सरसफाई गर्ने गरेको । कार्यालय परिसरमा फूल तथा बिरूवा रोपिएको तथा ठाउँ ठाउँमा Dust Bin राख्ने राखिएको छ ।

#### ख) नागरिक वडापत्र

कार्यालयको काम कारवाही खुला र पारदर्शी रुपमा गर्न, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउन तथा सूचनालाई अपांगमैत्री बनाउन सबैले देख्ने किसिमले यस कार्यालयमा लिखित रुपमा भित्ते लेखन गरी नागरिक वडापत्र राखिएको छ । साथै सेवाग्राहीको लागि श्रव्यदृष्य नागरिक बडापत्र समेत राखिएको छ ।

#### ग) स्तनपान कक्ष

कार्यालयलाई लैंगिकमैत्री बनाउन यस कार्यालयमा सेवा लिन आउने सेवाग्राही महिलाको लागि आफ्नो नानीबाबुलाई दुध खुवाउनको लागि स्तनपान कक्षको स्थापना गरी सेवा दिदै आएको छ ।

#### घ) सामाजिक न्यायको व्यवस्था

विभिन्न किसिमका हिंसामा परेका व्यक्तिहरुलाई सोझै यस कार्यालयमा आई प्र.जि.अ./स.प्र.जि.अ. समक्ष आफ्ना गुनासाहरु राख्न पाउने व्यवस्था गरिएको छ । सो गुनासाहरु उपर आवश्यक छानविन पश्चात नियमानुसार फछ्यौट गरी सामाजिक न्याय गर्ने गरिएको छ ।

#### ङ) भौतिक संरचनाको पुनःनिर्माण र सुधार

कार्यालयको भौतिक संरचनाको पुनःनिर्माण, गोलघर निर्माण लगायत रंगरोगन गरी मर्मत सम्भारका कार्यहरु गरिएको छ।

#### च) बिचौलियाहरुलाई कार्यालय प्रवेश निषेध

विभिन्न किसिमका बिचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निषेध गरी सेवाग्राहीहरुलाई आफ्नो काम आफै गराउन आउन प्रेरित गर्ने गरी Help Desk को व्यवस्था गरिदै आएको छ ।

#### छ) सेवाग्राहीको व्यवस्था

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि First Come, First Serve भन्ने सिद्धान्त अनुरुप सेवा प्रदान गरिदै आएको छ

#### ज) खानेपानी तथा प्रतिक्षालयको व्यवस्था

कार्यालयमा आउने सेवाग्राहीहरुलाई प्रतिक्षालयको व्यवस्थापन गरी शुद्ध खानेपानीको लागि फिल्टर राखी खानेपानीको व्यवस्था गरिएको, शितलताको लागि पङ्खा सहित बस्ने स्थानको व्यवस्था समेत गरिएको छ ।



#### झ) विभिन्न किसिमका निवेदन निशुल्क उपलब्धताको व्यवस्था

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि आवश्यक पर्ने विभिन्न किसिमका निवेदनहरु कार्यालयको कर्मचारी मार्फत निशुल्क रुपमा उपलब्ध गराउने तथा लेखपढ गर्न नजान्ने लागि लेखी दिने समेत व्यवस्था गरिएको छ ।

#### ञ) अपाङ्गमैत्री एवं जेष्ठ नागरिक सेवा प्रवाह

कार्यालयमा सेवा लिन आउने सेवाग्राही मध्ये बृद्ध-बृद्धा एकल महिला अपाङ्गलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता दिई सेवा प्रदान गरिदै आएको छ ।

#### ट) शौचालय व्यवस्थापन

यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको सुविधाको लागि महिला पुरुष र अपाङ्गका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरी सेवा प्रदान गरिदै आएको छ ।

#### ठ) सूचना प्रवाह

यस कार्यालयबाट भएका कार्यक्रम लगायत वा हुने कार्यक्रहरुको जानकारी SMS System, इमेल एवं Web Side मार्फत सूचना प्रवाह गर्ने गरिएको छ ।

#### ड) CCTV को प्रयोग

#### ढ) टोल फी नम्बर र फ्रि WiFi को व्यवस्था

१६६०४८५४८८८

#### ण) बगैंचा निर्माण तथा हरियाली प्रबद्धन

## ५.३.२ कार्यालय प्रमुखसँग बैठक

जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरुलाई सार्वजनिक सेवा प्रवाह गर्दा चुस्त, दुरुस्त, शिघ्र, प्रभावकारी, कर्मचारीले समय पालना, नियमितता, मितव्ययिता, अनुसाशनको पालना, पूँजीगत खर्च कार्यान्वयनको गतिलाई तिव्रता, बेरुजू फछ्यौंट, अभिलेख व्यवस्थापन, सरकारी साधनको दुरुपयोग नियन्त्रण, सरकारी सम्पत्तिको सुरक्षा प्रबन्ध, कार्यालय परिसर नियमित सरसफाई लगायतका विषयमा कार्यालय प्रमुखहरुसँग ९ पटक बैठकमा भएका निर्णयहरुको पूर्ण कार्यान्वयन भई रहेको ।

कार्यालय प्रमुखहरुको उपस्थितिमा सबै कार्यालय (संघ, प्रदेश र स्थानीय तह)हरु र सरोकारवालाहरुसँग सार्वजनिक सुनुवाई एवं आगामी आ.व.मा विकास निर्माण लगायतका कार्यक्रमहरुमा दोहोपना हुन नदिने साथै विकास निर्माणमा आएका गुनासाहरुलाई सम्बन्धित निकाय र सरोकारवाला बिच आवश्यक समन्वय गरी समाधान गरिएको ।



## ५.३.३ सूचना अधिकारीको बैठक

सूचनाको हक सम्बन्धि ऐन, २०६४, नियमावली, २०६५ र सुशासन (व्यवस्थान र सञ्चालन) ऐन, २०६४, नियमावली, २०६५ मा बमोजिम सूचनाको हकको प्रभावकारी कार्यान्वयको माध्यमबाट सुशासन प्रवर्धन गर्न जिल्ला स्थित सेवा प्रदाय कार्यालयका सूचना अधिकारी ४ पटक सूचना अधिकारीसँग बसिएको । नियमित रुपमा कार्यालयका सूचानाहरु प्रदान गर्ने, सूचना अधिकारी तोक्ने, सूचना पार्टी र वेवसाइटमा अपडेट गर्ने । सबै कार्यालयका सूचना अधिकारीहरुलाई एकै क्रम संख्याको सिमकार्ड उपलब्ध गराई प्रयोगमा ल्याईएको ।

**हामी सबैको सूचनाको हक**
**सूचना माग्न नमानौं धक**

## ५.३.४ अनुगमन तथा मुल्याङ्कन समितिको बैठक

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को दफा २८ मा निर्दिष्ट प्रावधान अनुसार जिल्ला भित्रका सरकारी सेवा प्रदायक नियकायहरुको कामकारवाहीको अनुगमन तथा मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा तोकीएको पदिधकारी उपस्थितिमा मिति २०७६/०५/२३ गतेको बैठकबाट आवश्यक निर्णय गरिएको छ ।

## ५.३.५ जिल्ला स्थित सरकारी कार्याहरुको छड्के अनुगमन

यस जिल्लाका सेवा प्रदायक सरकारी तथा अन्य कार्यालयहरुको ३ पटक सबै कार्यालयमा छड्के निरीक्षण गरी कार्यालयमा अनुपस्थित रहने, विदा/काज/स्वीकृत नगराउने, तोकिएको पोषाक र परिचयपत्र नलगाउने कर्मचारीलाई नियमितता, समयको पालना, अनिवार्य पोषाक र परिचय पत्र लगाउन, काजविदा स्वीकृत गराएर मात्र कार्यालय छोड्न सचेत गराईएकोछ ।

## ५.३.६ स्थानीय तहका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक

स्थानीय प्रशासन र स्थानीय तहहरु बिच एक आपसमा समन्वय, सह-अस्तित्व, सहकार्यको सहयोगी भई शान्ति सुरक्षा, विकास निर्माण लगायत सुशासन कायम गर्नका लागि १ पटक बैठक सकेको छ । जिल्ला भित्र विकास निर्माण लगायत विकाससँग सम्बन्धी कार्यहरु निर्धारित समयमानै सम्पन्न गराउने । नागरिकले सुशासनको प्रत्यक्ष अनुभूत गर्ने सक्ने सेवा प्रवाह उपलब्ध गराउने, नागरिकको गुनासाहरुलाई महत्व दिई उचित संबोधनको व्यवस्था लगायतका विषयमा छलफल गरी निर्णय गरियो ।



### ५.३.७ कर्मचारीको नियमित बैठक

यस कार्यालयका कर्मचारीहरुको मासिक रुपमा बैठक बसी प्रत्येक शाखाको कार्य विवरणमा तोकिएका जम्मेवारीहरु त्रुटिरहित रुपमा पुरा गर्ने, सेवा प्रवाहलाई गुनासो रहित, चुस्त, दुरुस्त, शिघ्र, प्रभावकारी, समय पालना, नियमितता, मितव्ययिता, अनुसाशनको पालना, कार्यालयको सरसफाई लगायतका विषयहरुमा निर्णयगरी पुर्ण कार्यान्वयनमा ल्याईएको छ। राम्रो काम गर्ने ३ जनालाई पुरस्कृत गरिएको छ।



### ५.४ राष्ट्रिय परिचय पत्र सम्बन्धि कार्य

नेपाली नागरिकका वैतिक तथा जैविक पहिचान सहितको विवरण समावेश गरी राष्ट्रिय परियच पत्र दर्ता कार्य शुरुवातको अन्तिम चरणमा पुगी मिति २०७७ श्रावण ०१ गतेबाट शुभारम्भ हुने छ।

जिल्लावासी सबैमा राष्ट्रिय परिचय पत्र विवरण दर्ता गर्नु हुन जिल्ला प्रशासन कार्यालय रामेछाप हार्दिक अपिल गर्दछ ।



## ५.५ भौतिक निर्माण

### ५.५.१ प्रतिक्षालय निर्माण



आ.व. ०७६/७७ मा यस कार्यालयमा स्वीकृत भएको पूँजीगत बजेट शिर्षकबाट कार्यालय परिसर भित्र सेवा लिन आएने सेवाग्राहीलाई सेवा नपाएसम्म बस्नको लागि कार्य सुविधायुक्त प्रतिक्षालयको निर्माण गरिएको छ ।

### ५.६ अन्य कार्यहरु

- संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी विकास आयोजना सञ्चालनमा सहजीकरण गरिएको ।
- विकास निर्माण लगायत अन्य आयोजनाहरुको स्थलगत अनुगमन सम्पन्न गरी आवश्यकता अनुसार निर्देशन दिईएको।
- राष्ट्रिय प्राथमिकताको आयोजना (जलविद्युत) हरुको अनुगमन गरिएको ।
- भौतिक पूर्वाधार र विकास निर्माणसँग आएका उजुरी तथा गुनासोको सम्बन्धित कार्यालय प्रमुखसँग छलफल, फिल्ड भ्रमण गरी सम्बोधन गरी पूँजीगत खर्च बढाउन पहल भएको ।
- नदीजन्य पदार्थ उत्खनन सम्बन्धि परेका उजुरीहरुको अनुगमन गरिएको।
- आपूर्ति समितिको बैठक बसी रासायनिक मल आपूर्ति व्यवस्थापनमा सहजीकरण गरिएको ।

# ६. विपद् व्यवस्थापन सम्बन्धि

## ६.१ बाढी तथा पहिरोबाट उच्च सर्तकता

बाढी तथा पहिरोबाट उच्च सतर्कता जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित बुलेटिन तथा पूर्वानुमान अनुसार बाढी तथा पहिरोबाट सतर्कता अपनाउन आवश्यक तयारी गर्ने, परिचालन र समन्वय गरी तत्काल स्थानीय सञ्चार माध्यमबाट सूचना प्रवाह गर्ने गरिएको छ । सबै स्थानीय तहलाई घटना घट्ने वित्तिकै जानकारी गराउन अनुरोध गरिएको छ । साथै जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ लाई अद्यावधिक गर्ने कार्य भई रहेको छ ।

## ६.४. विपद् पीडित परिवारलाई राहत वितरण

| सि.नं. | विपद् विवरण | रकम |
|---|---|---|
| १. | विपद्का कारण मृत्यु भएका ५ जना | ५०००००.० |
| २. | अविरल वर्षाबाट पीडित १० हजार पाउने ४८ घर परिवार | ४८००००.० |
| ३. | आगोलागीबाट पीडित १० हजार पाउने १० घर परिवार | १०००००.० |
| ४. | अविरल वर्षाबाट पीडित ७ हजार पाउने ३ घर परिवार | २१०००.० |
| ५. | अविरल वर्षाबाट पीडित ५ हजार पाउने १६ घर परिवार | ८००००.० |
| ६. | अविरल वर्षाबाट पीडित ३ हजार पाउने ५ घर परिवार | १५०००.० |
| ७. | अविरल वर्षाबाट पीडित २ हजार पाउने १ घर परिवार | २०००.० |
| ८. | चट्याङ्गबाट पीडित ५ हजार पाउने १ घर परिवार | ५०००.० |
| ९. | कोभिड-१९ सम्बन्धि सामाग्री खरिद | ३८५९१०.० |
| | **जम्मा खर्च** | **१५८८९१०.०** |

## ६.२ सलह किराको संभावित प्रकोप पूर्व तयारी

यस जिल्लाको दक्षिण तर्फ सिन्धुली जिल्लाबाट ठूलो झुण्ड उत्तर तर्फ गएको र सानो झुण्ड मन्थली नगरपालिका वडा नं. १० चनखुका रुखहरुका बसे तापनि सम्भावित कृषिवालीलाई खासै क्षति नगरेको । कृषि ज्ञान केन्द्र लागयत स्थानीय तहहरुसँग समन्वय गरी सूचना संकलन तथा क्षतिको जोखिम भएमा तत्काल नियन्त्रण गर्न आवश्यक पूर्व तयारी अवस्थामा सबै निकायलाई राखिएको छ । जिल्लामा सहल किराको प्रकोप नभए तापनि जिल्लाको अधिकांस क्षेत्रका फौजी किराले बाली क्षेति पुऱ्याएको छ । उक्त किराको नियन्त्रण गर्न सबै स्थानीय तह लगायत सरोकारवाला निकायहरु अग्रसर भई नियन्त्रणमा लिने कार्य भएको छ ।

## ६.३ मौसम पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७

प्रत्येक वर्ष नेपालमा भित्रिने मनसुनकाकारण हुन सक्ने सम्भावित प्रकोपका घटनाहरुलाई न्यूनीकरणगर्न आवश्यक भएकोछ । मौसमको कारण घट्न सक्ने (बढी, पहिरो, डुवान, चट्याङ्ग) सम्भावित घटनाहरुलाई न्यूनीकरण गर्न र विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट थप स्वास्थ्यजन्य विपद्का घटनाहरु घट्न सक्ने र रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि मनसुनजन्य प्रकोपले थप चुनौती सृजना गर्ने भएकोले मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ लाई कोभिड-१९ मैत्री हुने गरी तयार गरिएकोछ ।

## ६.५ जिल्ला विपद् व्यवस्थापन समितिबाट भएका मुख्य-मुख्य निर्णयहरु

### मिति २०७६/०६/०६ मा बसेको बैठकको निर्णयहरु

१. गृह मन्त्रालय NEOC को च.नं. १०७ मिति २०७६/०६/०६ को पत्रानुसार International Day for Disaster Reducation (IDDR) यस जिल्लामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सम्पूर्ण स्थानीय तह, सरोकारवाला पक्षसँग व्यापक रुपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो ।

२. जिल्ला विपद् व्यवस्थापन समिति रामेछापबाट आ.व. ०७६/७७ मा विपद् पीडित परिवार एवं मृतक परिवारका आफन्तहरुलाई आजका मिति सम्म रु. ११,५०,०००।- (एघार लाख पचास हजार) वितरण गरिएको यस बैठकबाट अनुमोदन गर्ने।

३. International Day for Disaster Reducation (IDDR) अवसरमा नयाँ गोरख गण रामेछाप व्यारेकको नेतृत्वमा विपद् व्यवस्थापन नमुना प्रदर्शन गर्न अनुरोध गर्ने । साथै उक्त कार्यमा सबैले आवश्यक सहयोग गर्ने निर्णय गरियो।

४. सबै स्थानीय तह एवं विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको बार्षिक कार्ययोजनामा विपद् सम्बन्धि कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्दै जाने।

५. सबै स्थानीय तह एवं विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको बार्षिक कार्ययोजनामा विपद् सम्बन्धि कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्दै जाने ।

६. मन्थली-खुर्कोट सडक आ.व. ०७६/७७ को वर्षातका कारण यातायात सञ्चालनमा अवरोध भई मन्थली नगरपालिकाको अगुवाईमा विजयदशमी अगाडी मर्मत गर्दा रु. ३,२४०००।- (तीन लाख चौविस हजार) खर्च भएको हुँदा उक्त रकम यस बैठकबाट अनुमोदन गर्ने ।

७. विपद् जन्य घटनाको सूचना आदान-प्रदानको लागि सबै स्थानीय तह तथा वडाहरुमा एकै क्रम संख्याका सिमकार्ड तपिसल अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो । साथै उक्त सिमकार्ड नेपाल टेलीकम दुरसञ्चार कार्यालय रामेछापसँग सम्पर्क गरी सुचार गर्नु हुन अनुरोध गरिन्छ ।

## मिति २०७६/०८/२० मा बसेको बैठकको निर्णयहरु

१. गृह मन्त्रालय योजना, अनुगमन तथा मुल्याङ्कन शाखाको च.नं. १३८ मिति २०७६/०८/१६को पत्रानुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएको निर्णय बैठकमा प्रस्तुत गरियो । सो सम्बन्धमा यस जिल्लाको देहायका पालिकाहरुमा तपसिल बमोजिकका घर परिवारहरु प्रभावित हुन सक्ने भएको सो भेगका नागरिकहरुलाई सजक रहन जानकारी गराउने निर्णय गरियो ।

| स्थानीय तह | वडा नं. | प्रभावित हुन सक्ने जनसंख्या |
|---|---|---|
| उमाकुण्ड गाउँपालिका | १ (गुम्देल) | करिव १७०० घर परिवार संख्या |
| | २ (बाम्ती) | |
| | ३ (कुबु) | |
| | ४ र ५ (प्रीति) | |
| | ६ (गुसेश्वर) | |
| | ७ (भुजी) | |
| गोकुलगंगा गाउँपालिका | १ (चुचुरे) | करिव ६०० घर परिवार संख्या |
| | २ (ठोसे) | |
| | ३ (रस्नालु) | |
| दोरम्बा गाउँपालिका | १ (डडुवा) | करिव २०० घर परिवार संख्या |
| | ५ (गौश्वरा) | |

२. हिउदको समयमा आगोलागी जन्य घटनाहरु घट्न सक्ने हुनाले प्रत्येक स्थानीय तहले कम्तीमा १०/१० वटा Fire Extinguisher को व्यवस्था गर्न सम्बन्धित नगरपालिका/गाउँपालिकालाई अनुरोध गर्ने निर्णय गरियो।

३. रामेछाप जिल्ला भित्र भएका स्थानिय तहहरुसँग विपद् व्यवस्थापनसँग सम्बन्धित सामाग्रीहरु के कति मात्रमा छन् तथा वडा स्तरीय विपद् व्यवस्थापनको लागि निर्णय भएको सिम कार्ड क-कस्ले प्रयोग गरेको छ । नाम सहितको विवरण १५ दिन भित्र जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

४. विपद् जन्य घटना, हावा हुरी, आगोलागी, डडेलो जस्ता घटनासँग सम्बन्धित सचेतना मूलक कार्यक्रम तथ सूचनाहरु प्रसाण गर्न स्थानीय सञ्चार माध्यमलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. जिल्ला विपद् व्यवस्थापन समितिसँग रहेका राहत सामाग्रीहरुलाई व्यवस्थित स्थानमा व्यवस्थापन गर्नको लागि स्थान पहिचान गर्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

१. सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक
२. जिल्ला समन्वय समिति - सदस्य
३. नेपाल रेडक्रस सोसाईटी - सदस्य
४. रामेछाप उद्योग बाणिज्य संघ - सदस्य
५. पत्रकार महासंघ - सदस्य

## मिति २०७६/११/२८ मा बसेको बैठकको निर्णयहरु

1. स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भएको तर सबै वडामा समिति गठन भएको नपाइएको सबै स्थानीय तहको वडा स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने। विपद् व्यवस्थापन कोष स्थापना गर्ने र विपद् सम्पर्क व्यक्ति तोकी सोको जानकारी जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।
2. स्थानीय तहहरुले विपद्को समयमा उपयोग गर्न आश्रय स्थलहरु निर्माण गर्न वा खाली भवनहरुलाई विपद्को समयमा प्रयोग गर्ने र सबै प्रकारका खोज उद्धार सामग्री, जनशक्ति आदिको चुस्त दुरुस्त अवस्थामा राख्ने।
3. विपद् पूर्व तयारीका लागि सम्पूर्ण स्थानीय तहहरु, राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, सरोकारवाला सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा आ-आफ्नो भूमिका निभाउने ।
4. कुनै पनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुना साथ तत्काल सुरक्षा निकाय परिचालन हुने र सुरक्षा निकायले सम्भावित विपद्को सम्बन्धमा पूर्व चेतावनी दिने तथा जोखिम न्यूनीकरणका लागि समुदायलाई सचेत बनाउने ।
5. गर्मी मौसम, सुख्खा एवं खडेरीको शुरुवातसँगै आगोलागी, चट्याङ्ग, हावाहुरी, आँधी तुफान जस्ता सम्भावित विपद्जन्य घटना भई जनधनको क्षति हुन सक्ने भएकोले त्यस्ता घटनाहरुबाट सुरक्षित हुन तथा सुरक्षित हुने व्यवस्था मिलाउनका लागि सम्बन्धित सरोकारवाला निकायहरु (स्थानीय तह एवं सरकारी तथा गैरसरकारी निकायहरु) र नागरिकहरुलाई अनुरोध गर्ने ।
6. विपद् व्यवस्थापन, मनसुन पूर्वतयारी, आगोलागी लगायतका सूचना स्थानीय पत्र/पत्रिका, एफएम रेडियो मार्फत जनचेतनामूलक सामग्री प्रकाशन/प्रसारण गर्ने ।



*बैठकमा सहभागीहरु*

7. मामा स्थानीय विपद् व्यवस्थापन समितिले आर्थिक वर्षमा गरेका कामहरुको विवरण प्रतिवेदन २०७७ श्रावण १५ गते भित्र उपलब्ध गराउने
8. विपद् प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाईटीको समन्वयमा र सुरक्षा निकायको सहकार्यमा आपतकालिन नमूना अभ्यास सञ्चालन गर्ने ।
9. भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायतका स्वीकृत मापदण्ड पालना गर्ने/गराउने ।
10. उच्च जोखिम भएको स्थानमा बसोबास गर्ने नागरिकहरुलाई सुरक्षित स्थानमा बसोबास गर्ने वातावरण मिलाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।
11. खाद्यान्न लगायत अत्यावश्यक सामाग्रीहरुलाई विपद्को अवस्थामा छिटो र छरितो तरिकाले उपलब्ध हुने गरी व्यवस्था मिलाउन रामेछाप उद्योग बाणिज्य सघं मार्फत व्यवसायीहरुलाई अनुरोध गर्ने ।
12. जिल्ला विपद् व्यवस्थापन समितिसँग रहेका राहत सामाग्रीहरुलाई व्यवस्थापन गर्न तथा Inventory तयार गर्न तपसिल अनुसारको समिति गठन गर्ने र उक्त राहत समग्रीहरु नेपाल रेडक्रस सोसाईटी मन्थली शाखाको जिम्मामा रहने ।

| | | |
|---|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी | - | संयोजक |
| जिल्ला समन्वय समिति | - | सदस्य |
| नेपाल रेडक्रस सोसाईटी | - | सदस्य |
| रामेछाप उद्योग बाणिज्य संघ | - | सदस्य |
| पत्रकार महासंघ | - | सदस्य |
| नागरिक समाज | - | सदस्य |

13. जग्गा प्राप्तको लागि स्थानीय तहले सिफारिस गर्दा विपद्को लागि छुट्याएर मात्र सिफारिस गर्ने ।
14. स्वास्थ्यजन्य महामारी/कोरोना भाइरसको लागि तत्काल Response गर्न स्वास्थ्य कार्यालयले RRT गठन गर्ने ।
15. कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन अस्पतालहरुमा आइसोलेसन वार्ड गठन गर्ने । पूर्व निर्णय अनुरुप निरन्तरता दिने ।



*प्रतिनिधि सभाका मा. सांसद श्याम कुमार श्रेष्ठ र प्रदेश सभा मा. सांसद शान्ति प्रसाद पौडेल सहित जिल्ला विपद् व्यवस्थापन समितिको बैठक*

## मिति २०७७/०१/१७ मा बसेको बैठकको निर्णयहरु

1. हाल सम्मका कोभिड-१९ को रोकथाम र नियन्त्रण सम्बन्धि कार्यको समिक्षा गरियो ।
2. विपद् पूर्व तयारीका लागि सम्पूर्ण स्थानीय तहहरु राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी संस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, सरोकारवाला सबैले आ-आफ्नो तयारीका साथ आ-आफ्नो भूमिका निर्वाह गर्ने ।
3. आगोलागी, हावाहुरी, वाढी पहिरो लगायतले प्रभाव पार्ने स्थानको पहिचान गरी आवश्यक तयारी गर्ने ।
4. बाढी, पहिरो, डुवान जस्ता उच्च जोखिममा रहेका स्थानमा बसोबास गर्ने नागरिकलाई सुरक्षित स्थानमा बसोबास गर्न व्यवस्था सबै स्थानीय तहले मिलाउने ।
5. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७६/१२/२६ मा भएको निर्णय बमोजिम यस जिल्लामा हालसम्म कार्यान्वयन भै रहेको र आगामी दिनमा पनि सोही बमोजिम परिपालना गर्नका लागि कुनै पनि धार्मिक सांस्कृतिक, सामाजिक परम्परा अनुसार गरिने कार्यहरु सामूहिक रुपमा नगर्ने/नगराउने ।
6. खुल्ला सिमानाको जुनसुकै नाकाबाट हुन सक्ने यात्रुहरुको आवागमनमा प्रवेश गर्ने/गराउने र प्रवेश गरेकालाई लुकाउने कार्य गरिएमा कानून बमोजिम कार्वाही गरिने छ ।
7. बन्दा बन्दीको बेला सञ्चालन गर्न संघीय सरकार र प्रदेश सरकारबाट लेखि आएका प्राथमिकता प्राप्त आयोजनाहरु, विपद्को व्यवस्थापन, वर्षातको समयमा आउन सक्ने बाढी, डुवान, पहिरो रोक्न बाध बाध्ने र वर्षातको समय अगाडी सम्पन्न गर्नु पर्ने भनि टेण्डर/सम्झौता भएका स्थानीय तहले तोकेका पालिका र सदरमुकाम जोड्ने आयोजनाहरु सहमति लिई सञ्चालन गर्ने, आयोजना सञ्चालन गर्दा बाहिरबाट श्रमिक नल्याउने, कामदार/श्रमिकहरुको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने, मास्क साबुन पानी, सेनिटाइजरको प्रयोग गराउने, समुदायस्तरमा आवाज-जावत गर्न नदिने, सामाजिक दूरी कायम गरी कार्य गराउने, स्वास्थ्यका सम्पूर्ण मापदण्ड पुरा गराई कार्य गर्ने व्यवस्था मिलाउने, सोको अनुगमन स्थानीय तह गर्ने ।
८. सबै पालिकामा रहेका एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्ने र शिघ्र परिचालन गर्ने ।
९. जिल्ला विपद् व्यवस्थापन समितिलाई संघीय सरकारबाट प्राप्त रु. २ लाखको सामान खरिद गर्ने ।
१0. आगलागीको सूचना ल्याउने नागरिकलाई सूचना प्रमाणित गरी डिभिजन वन कार्यालयको प्रस्तावमा जिल्ला विपद् व्यवस्थापन समितिले पुरस्कृत गर्ने ।

11. प्रदेश सरकारबाट जिल्ला विपद् व्यवस्थापन समितिलाई प्राप्त बजेटबाट COVID-19 सम्बन्धि स्वास्थ्य समाग्री आवश्यकता बमोजिम खरिद गरी वितरण गर्ने ।
12. असंगठित क्षेत्रमा कार्यरत र असहाय नागरिकलाई मात्र आवश्यकता बमोजिम राहत वितरण गर्ने, राहत वितरण गर्दा निश्चित दुरी कायम गरी वितरणको व्यवस्था गर्ने ।
13. देहाय बमोजिमका पालिकाहरुमा रहेका एम्बुलेन्सहरुलाई नेपाली सेनाको प्राविधिक सहयोगमा सम्बन्धित पालिकाको खर्चमा Covid-19 Friendly Ambulance को रुपमा ४ दिन भित्र तयार गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

| सि.न. | एम्बुलेन्स नं. | निकाय |
|---|---|---|
| १ | बा १२ च ५५५५ | रामेछाप नगरपालिका |
| २. | बा २ झ ४४६२ | गेलु प्राथमिक स्वास्थ्य केन्द्र, गेलु, मन्थली न.पा. |
| ३. | बा. २ झ ६७६ | गुन्सी स्वास्थ्य चौकी, सुनापति |
| ४. | बा१९च. ३९२२ | खाँडादेवी गाउँपालिका |
| ५. | बा. १९ च. २८३ | चुचुरे स्वास्थ्य चौकी, गोकुलगंगा |
| ६. | ज. १ झ. ४१२ | गुम्देल स्वास्थ्य चौकी, उमाकुण्ड |
| ७. | बा. २ झ ४०१५ | लिखु तामाकोसी गाउँपालिका |
| ८ | बा २ झ ४२७५ | दोरम्बा गाउँपालिका |

14. रामेछाप जिल्लालाई कोरोना भाइरसको उच्च जोखिमबाट रोकथाम तथा नियन्त्रणका लागि तराईका जिल्लाहरु लगायत अन्य जिल्लाहरुबाट यस जिल्लाको प्रयोजनको लागि आई रहेको हरियो तरकारी, फलफुल, माछामासु, अण्डा, कुखुराको ढुवानी मिति २०७७/०१/१८ गते राती १२:०० बजे देखि २०७७/०१/२५ गते राती १२:०० बजे सम्मको लागि प्रतिबन्ध लगाउने ।
15. सुगर, प्रेसर, क्यान्सर, मुटुरोग जस्ता दिर्घरोगीहरुले खाँदै आएको औषधी सबै पालिकाहरुले वडातहबाट माग संकलन गर्ने, माग अनुरुप पालिकाले ल्याई वडा मार्फत वितरण गर्ने व्यवस्था मिलाउने ।




## ६.६ घरमै पुगी राहत वितरण



वडा नं. १ डडुवा दोरम्बा



रामेछाप जिल्ला दोरम्बा गाउँपालिका वडा नं. १ डडुवा निवासी फौदबहादुर श्रेष्ठको श्रीमती सितामाया श्रेष्ठको चट्याङ्गबाट मृत्यु भएको थियो । जिल्ला समन्वय समितिका प्रमुख प्रेमबहादुर खड्का र प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जिल्ला विपद् व्यवस्थापन कोषबाट मृतकका ससुरा वर्ष ८४ का कुल बहादुर श्रेष्ठलाई घरमै गएर राहत सामाग्री र नगद रु. १ लाख प्रदान गर्नु भएको थियो ।

## ६.७ जिल्ला विपद् व्यवस्थापन समिति एवं स्थानीय विपद् व्यवस्थापन समितिको कोषमा रहेको रकम

| क्र.स. | स्थानीय तह/समितिको नाम | रकम |
|---|---|---|
| १. | जिल्ला विपद् व्यवस्थापन समिति (कोभिड-१९ सम्बन्धी प्रदेशबाट प्राप्त समेत) | ७,३३,०९०।- |
| २. | मन्थली नगरपालिका | ३०,००,०००।- |
| ३. | रामेछाप नगरपालिका | ३८,७०,९५२।- |
| ४. | उमाकुण्ड गाउँपालिका | १०,००,०००।- |
| ५. | खाँडादेवी गाउँपालिका | ३९,३९,०००।- |
| ६. | गोकुलगंगा गाउँपालिका | ३२,००,०००।- |
| ७. | लिखु तामाकोशी गाउँपालिका | २०,००,०००।- |
| ८. | दोरम्बा गाउँपालिका | २५,००,०००।- |
| ९. | सुनापति गाउँपालिका | ८०,४५,०००।- |

## ६.८ विपद्का घटनाको कृतिम अभ्यास

जिल्ला विपद् व्यवस्थापन समितिको संयोजकत्वमा नयाँ गोरख गणको नेतृत्वमा २०७६-०६-३० गते मन्थली नगरपालिका-१ आकासे स्थित मन्थली विमान स्थलमा हवाई दुर्घटना सम्बन्धी र भुकम्प दिवसको अवसरमा २०७७ माघ २ गते जिल्ला समन्वय समितिको प्राङ्गणमा भुकम्प सम्बन्धि सन्देशमूलक व्यवहारिक अभ्यास गरिएको ।



## ६.९ हेलिप्याड निर्माण

रातको समयमा समेत उद्धार कार्यलाई व्यवस्थित गर्न रामेछाप न.पा. स्थित नयाँ गोरख गणमा नाइट भिजन हेलिप्याड निर्माण गरिएको छ । विपद्को समयमा प्रयोग गर्न सक्ने तरिकाले सबै पालिकालाई कम्तिमा उपयुक्त १ स्थानमा हेलिप्याड निर्माण गर्न अनुरोध गरिएको छ ।

## ६.१० हेलिकप्टरबाट उद्धार

जिल्ला भित्र विपद् परि एवं अन्य कारणबाट घाइते भएका देहायका ७ जना व्यक्तिहरुलाई हेलिकप्टरबाट काठमाडौ उद्धार गरिएको छ ।

| क.स. | उद्धार गरिएको व्यक्ति | उद्धार गरिएको स्थान | पुऱ्याएको स्थान |
|---|---|---|---|
| १. | तारा सिलवाल | लिखु-१ जलविद्युत आयोजना | काठमाण्डौ |
| २. | माया रानी डोल्मो | दोरम्बा गापा-५ | |
| ३. | भिममाया श्रेष्ठ, मोतिलाल श्रेष्ठ र भुवन श्रेष्ठ | उमाकुण्ड गापा-३ | |
| ४. | पूर्ण बहादुर लामा | गोकुलगंगा गापा-३ | |
| ५. | कल्याण के.सी. र रमेश के.सी. | सुनापति गापा-५ | |
| ६. | दिपक खड्का | गोकुलगंगा गापा-५ | |
| ७. | सागर कार्की | रामेछाप नपा-७ | |






# ७. बजेट तथा खर्च

जिल्ला प्रशासन कार्यालयको नियमित बजेट अन्तर्गत कुल विनियोजित रकम रु. १८०२६०००।- मध्ये ९०.७६ प्रतिशत खर्च भएको छ। यस मध्ये चालू खर्चको प्रगति ९५.३४ प्रतिशत छ भने पूँजीगत खर्चको प्रतिशत ९९.९६ प्रतिशत रहेको छ ।

यस वर्षबाट जिल्लामा सञ्चालनमा आएको राष्ट्रिय परिचय पत्र चालू खर्च तर्फ १५.१४ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ १०० प्रशितशत नै खर्च भएको छ ।

## आर्थिक वर्ष ०७६/७७ को बजेट र खर्चको तथा प्रगतिको एकीकृत विवरण

| शिर्षक | बजेट | खर्च | प्रगति प्रतिशतमा |
|---|---|---|---|
| **जिल्ला प्रशासन कार्यालय** | | | |
| चालू | १५५८६०००.०० | १४८६१०९१.०० | ९५.३४ |
| पुँजीगत | १५०००००.०० | १५०००००.०० | |
| जम्मा | १७०८६०००.०० | १६३६१०९१.०० | १०० |
| राष्ट्रिय परिचय पत्र | | | |
| चालू | ५७८०००.०० | ८७५६१.०० | १५.१४ |
| पुँजीगत | ३६२०००.०० | ३६२०००.०० | १०० |
| जम्मा | ९४००००.०० | ४४९५६१.०० | |
| कुल जम्मा | १८०२६०००.०० | १६८११०६५२ | |

## खर्चको फाँटवारी

जिल्ला प्रशासन कार्यालय रामेछाप कार्यालय कोड नं. आ.व. ०७६/७७ महिना आषाढ

| खर्च/वित्तीय संकेत नं. | खर्च/वित्तीय संकेतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकाशा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ८०६७०००.० | ७५५५५१३.१ | | ३३९७३२.३ | ७५५५५१३.१ | | | ५११४८६.९ |
| २११२१ | पोषाक | २३००००.० | १८००००.० | | -५००००.० | १८००००.० | | | ५००००.० |
| २११३१ | स्थानीय भत्ता | १७७०००.० | १७०६७८.० | | १६४००.० | १७०६७८.० | | | ६३२२.० |
| २११३२ | महंगी भत्ता | ३९५०००.० | ३९५०००.० | | ४२९३४.० | ३९५०००.० | | | ०.० |
| २११३४ | कर्मचारी बैठक भत्ता | २५०००.० | २५०००.० | | | २५०००.० | | | ०.० |
| २११३९ | अन्य भत्ता | ३००००.० | २९४००.० | | १५९००.० | २९४००.० | | | ६००.० |
| २१२१३ | योगदानमा आधारित विमा कोष खर्च | ९१०००.० | ६८०००.० | | ६०००.० | ६८०००.० | | | २३०००.० |
| २२१११ | पानी तथा विजुली | ३२६०००.० | ३२६०००.० | | १२१०००.० | ३२६०००.० | | | ०.० |
| २२११२ | सञ्चार महशुल | १९३०००.० | १९३०००.० | | २७१४४.० | १९३०००.० | | | ०.० |
| २२२१२ | इन्धन | ४६२०००.० | ४६२०००.० | | १६०९७०.० | ४६२०००.० | | | ०.० |
| २२२१३ | सवारी साधन मर्मत | ३५५०००.० | ३५५०००.० | | ४३५०२.० | ३५५०००.० | | | ०.० |
| २२२१४ | विमा तथा नविकरण खर्च | ६००००.० | ५६२३०.० | | | ५६२६०.० | | | ३७४०.० |
| २२२२१ | मेशनरी तथा औजार मर्मत सम्भार तथा सञ्चाल खर्च | ९००००.० | ९००००.० | | १००५०.० | ९००००.० | | | ०.० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३१०००.० | १३००००.० | | ३५०००.० | १३००००.० | | | ०.० |
| २२३११ | मसलन्द तथा कार्यालय समाग्री | ६६४०००.० | ६६४०००.० | | २२५१९९.० | ६६४०००.० | | | ०.० |
| २२४१९ | अन्य सेवा शुल्क | १५४४०००.० | १५४०१४०.० | | ५५९३८०.० | १५४०१४०.० | | | ३८६०.० |
| २२५११ | कर्मचारी तालिम खर्च | ३००००.० | ३००००.० | | | ३००००.० | | | ०.० |
| २२५२९ | विविध कार्यक्रम खर्च | २३८०००.० | २२१५००.० | | १८३५००.० | २२१५०००.० | | | १६५००.० |
| २२६११ | अनुगमन, मुल्याङ्कन खर्च | ४५१०००.० | ४५१०००.० | | ९९७००.० | ४५१०००.० | | | ०.० |
| २२६१२ | भ्रमण खर्च | २०००००.० | २००००.० | | ३९८०.० | २०००००.० | | | ०.० |
| २२७११ | विविध खर्च | २१००००.० | २१००००.० | | ६६६६.० | २१००००.० | | | ०.० |
| २७१११ | सामाजिक सुरक्षा | १४९८०००.० | १४१३६००.० | | ३५३४००.० | १४१३६००.० | | | ८४४००.० |
| २८१४२ | घरभाडा | १२००००.० | ९५०००.० | | १५०००.० | ९५०००.० | | | २५०००.० |
| | **कुल जम्मा** | **१५५८६०००.०** | **१४३६१०९१.१** | | **२२१५४५७.३** | **१४८६१०९१.१** | | | **७२४९०८.९** |
| **पूँजीगत खर्च** | | | | | | | | | |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ५०००००.० | | | ५५५००.० | ४९९५६७.० | | | ४३३.० |
| ३११२२ | मेशनरी तथा औजार | ५०००००.० | | | ०.० | ५०००००.० | | | ०.० |
| ३११२३ | फर्निचर तथा फिक्चर | ५०००००.० | | | ०.० | ४९९९०८.३ | | | ९१.७ |
| | **कुल जम्मा** | **१५०००००.०** | | | **५५५००.०** | **१४९९४७५.३** | | | **५२४.७** |
| **राष्ट्रिय परिचय पत्र कार्यक्रम तर्फ पूँजीगत र चालू खर्चको फाँटवारी** | | | | | | | | | |
| २११३४ | कर्चारी बैठक भत्ता | २००००.० | २००००.० | | २००००.० | २००००.० | | | ०.० |
| २११३९ | अन्य भत्ता | २१५०००.० | २००००.० | | २००००.० | २००००.० | | | १९५०००.० |
| २२२२१ | मेशनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५०००.० | ५०००.० | | ५०००.० | ५०००.० | | | ०.० |
| २२३११ | मसलन्द तथा कार्यालय समाग्री | १८०००.० | १८०००.० | | १८०००.० | १८०००.० | | | ०.० |
| २२४१३ | करार सेवा शुल्क | ३२००००.० | २४५६१.० | | २४५६१.० | २४५६१.० | | | २९५४३९.० |
| **पूँजीगत खर्च** | | **५७८०००.०** | **८७५६१.०** | | **८७५६१.०** | **८७५६१.०** | | | **४९०४३९.०** |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७६०००.० | ७६०००.० | | ७६०००.० | ७६०००.० | | | ०.० |
| ३११२२ | मेशनरी तथा औजार | १५००००.० | १५००००.० | | १५००००.० | १५००००.० | | | ०.० |
| ३११२३ | फर्निचर तथा फिक्चर | १३६०००.० | १३६०००.० | | १३६०००.० | १३६०००.० | | | ०.० |
| | **कुल जम्मा** | **३६२०००.०** | **३६२०००.०** | | **३६२०००.०** | **३६२०००.०** | | | **०.०** |

## राजस्व आम्दानी

| राजस्व शिर्षक | राजस्व शिर्षक | जम्मा |
|---|---|---|
| ११६२२ | हातहतियार इजाजत दस्तुर | ७०७५.० |
| १४२१२ | सरकारी सम्पत्तिको विक्रबाट प्राप्त रकम | ०.० |
| १४२२४ | परीक्षा दस्तुर | ११०००.० |
| १४२२७ | राहदानी शुल्क | ८४५२५००.० |
| १४२२९ | अन्य प्रशासनीक सेवा शुल्क | ०.० |
| १४२५१ | कम्पनी रजिष्टेशन दस्तुर (संस्था दर्ता/नविकरण | २१५५५०.० |
| १४३१२ | प्रशासनीक दण्ड जरिवाना र जफत | ४७६७२५.० |
| १५१११ | बेरुजू | ० |
| | **जम्मा रकम** | |

## धरौटी

| | |
|---|---|
| **१. आम्दानी** | |
| क) गत आ.व.को धरौटी मौज्दात | २६८७५५३.३३ |
| ख) चालू आ.व.मा प्राप्त | २०७५२६३.२० |
| **जम्मा** | ४७६२८१६.५३ |
| **२. खर्च** | |
| क) चालू आ.व.को धरौटी फिर्ता | २६२९६१८.०० |
| ख) चालू आ.व.मा सदर स्याहा | ० |
| जम्मा | २६२९६१८.०० |
| **३. श्रेस्ता अनुसारको बाँकी** | |
| क) नगद | ०.०० |
| ख) बैंक | २१३३१९८.५३ |

# ८. बजार अनुगमन

## ८.१ उपभोग्य बस्तुहरुको आपूर्ति व्यवस्थापन तथा अनुगमन

यस जिल्लामा नागरिकहरुले दैनिक उपभोग गर्ने खाद्यान्न नून, तेल, चिनी लगायत उपभोग्य बस्तुहरुको संचिति प्रयाप्त रहेको छ। विक्रि वितरणलाई व्यवस्थित गर्दै संक्रमणमुक्त बनाउन र अत्यावश्यक बस्तुको अभाव हुन नदिन रामेछाप उद्योग बाणिज्य संघका पदाधिकारीसँग निरन्तर समन्वय गर्दै आपूर्ति व्यवस्था मिलाईएको छ । आपूर्ति व्यवस्थाका सम्बन्धमा सुरक्षा निकाय सम्मिलित टोलीबाट निरन्तर अनुगमन भई रहेको छ ।

आम उपभोक्ताको मागलाई सम्बोधन गर्दै उपभोग्य बस्तुको सहज विक्री वितरण गर्न विभिन्न समयमा सूचना जारी गरिएको छ । बजार अनुगमनलाई सम्बद्ध पक्षको संलग्नतामा सबै क्षेत्र समेटिने गरी विभिन्न समूहमा विभाजन गरी एकै पटक बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा मापदण्ड विपरित गुणस्तरहीन तथा उपभोग गर्न अयोग्य सामाग्री जफत गरी सम्बन्धित व्यवसायीहरुलाई सचेत गराईएको छ । पेट्रोलियम पदार्थको नियमित अनुगमन तथा सहज आपूर्तिको व्यवस्था मिलाईएको छ ।

महामारीको रुपमा फौलिएको कोभिड-१९ का कारणले लकडाउन गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालय रामेछापको समन्वयमा जिल्ला स्थित रामेछाप नगरपालिकाको रामेछाप बजार, साँघुटार बजार तथा लिखु तामाकोशी गाउँपालिकाको धोवी, सिरिसे, ढाँडे र रातामाटा गरी ३५ वटा खाद्यान्न, फलफूल, तरकारी लगायतका अन्य अत्यावश्यक पसलहरु अनुगमन गरिएको छ । अनुगमनको क्रममा म्याद नाघेका खाद्य बस्तुहरुलाई जफत गरी तत्काल नष्ट गरिएको छ । विभिन्न होटलहरुमा विक्री वितरणको लागि राखिएको २१० लिटर घरेलु मदिरा समेत जफत गरी नष्ट गरिएको छ ।

लकडाउनको अवधिमा खाद्यान्न लगायतका अत्यावश्यक ढुवानी नियमित रुपमा भई रहेको हुँदा अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मूल्यवृद्धि गरी कालोबाजारी गर्ने, लुकाउने, कृत्रिम अभाव सिर्जाना गर्ने र आपूर्तिमा अवरोध गर्ने जस्ता अवान्छित क्रियाकलापहरु नगर्न अनुगमन समितिले निर्देशन दिएको छ ।





## ८.२ एभरेष्ट गेटवे मिनीमार्ट र ट्रेकर्स ट्रान्जिट क्याफे सिल

बजार अनुगमनको क्रममा कालोबजारी गर्ने एभरेष्ट गटवे मिनीमार्ट र ट्रेकर्स ट्रान्जिट क्याफे सिल गरी कालोबजारी ऐन २०३२ अन्तर्गत मुद्दा चलाएको छ । कालोबजारी ऐन २०३२ अन्तर्गत एभरेष्ट गेटवे मिनीमार्टलाई एक लाख ५ हजार रुपौया र ट्रेकर्स ट्रान्जिट क्याफेलाई ७५ हजार जरीवाना गरिएको छ ।



## ८.३ आपूर्ति व्यवस्थापन तथा अनुगमन गुनासो सुनुवाई संयन्त्र

महामारीको रुपमा फैलिएको कोडिभ-१९ को कारण लकडाउन गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाको मुख्य बजार क्षेत्रहरुमा खाद्यान्न, तरकारी, फलफुल लगायतका अत्यावश्यक वस्तु तथा सेवाहरु विक्री वितरण गर्ने पसलहरुको अनुगमन गरिएको छ । अनुगमनको क्रममा म्याद नाघेको, कृत्रिम अभाव सिर्जना गरेको जस्ता समस्या नभएको पाईएको छ । निश्चित दूरी कामय गरी खरिद विक्रीको व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

लकडाउनको अवधिमा खाद्यन्न लगायतका अत्यावश्यक ढुवानी नियमित रुपमा भई रहेको हुँदा अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मूल्यवृद्धि गरी कालोबाजारी गर्ने, लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने र आपूर्तिमा अवरोध गर्ने जस्ता अवान्छित क्रियाकलापहरु भए गरेको पाईएमा गुनासो सुनुवाईका लागि देहाय बमोजिमको संयन्त्र गठन गरिएकोले सम्पर्क गर्नु हुन अनुरोध छ ।

<u>देहाय</u>

| नाम थर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| श्री रामप्रसाद भट्टराई | प्र.अ. | जिल्ला प्रशासन कार्यालय | ९८४१४३११०२ |
| श्री मेघनाथ गौतम | का.प्र. | घरेलु तथा साना उद्योग | ९८४९५६६९४३ |
| श्री केशव प्र. घिमिरे | अध्यक्ष | उद्योग बाणिज्य संघ | ९८५४०४००५२ |
| श्री दिपक कार्की | सचिव | उपभोक्ता मञ्च | ९८४४२५८८७६ |



## लक्ष्मी आयल स्टोर्स

लक्ष्मी आयल स्टोर्सले पेट्रोलियम पदार्थ विक्री वितरण गर्दा कम गुणस्तर तथा मिसावटयुक्त पेट्रोल विक्री वितरण गरेको भन्ने व्यापक नागरिकको गुनासो भएपछि जिल्ला प्रशासन कार्यालय रामेछापको अगुवाईमा अनुगमन गरी उल्लेखित पेट्रोल पम्प शिल गरिएको छ । पेट्रोलको नमुना बाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा परीक्षणको लागि पठाईएको थियो।



बाणिज्य तथा आपूर्ति विभागको कार्वाही पश्चात आयल निगमको प्रतिनिधि सहितको टोलीले कम गुणस्तरको पेट्रोलियम पदार्थ नष्ट गरी मिति २०७७ आषाढ १८ देखि लक्ष्मी आयल स्टोर सिल खोलि सञ्चालनमा ल्याईएको छ ।



# ९. जिल्लास्थित कार्यालय तथा कार्यालय प्रमुखहरुको सम्पर्क नं. सहितको नामावली विवरण

| सि. नं. | कार्यालयको नाम | कार्यालय प्रमुख र सम्पर्क मोबाईल नम्बर | | | सुचना अधिकारी सम्पर्क नं. | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | नाम, थर | दर्जा | सम्पर्क नं. | | |
| १ | रामेछाप जिल्ला अदालत | श्री स्वीकृति पराजुली | न्यायधीस | | | ०४८-५४००७७ |
| २ | जिल्ला प्रशासन कार्यालय | श्री रुद्रादेवी शर्मा | प्र.अ.जि. | ९८५४०५७७७७ | ९८६३०२३००१ | |
| ३ | जिल्ला समन्वय समिति | श्री फडिन्द्र दाहाल | जि.अ.स. | ९८५४०४०१०७ | ९८६३०२३००२ | ०४८-५४०११४ |
| ४ | मन्थली नगरपालिका | श्री दिपक कोइराला | प्र.अ.प्र. | ९८५४०४८१११ | ९८६३०२३०१४ | |
| ५ | रामेछाप नगरपालिका | श्री दिपेन्द्र पौडेल | प्र.अ.प्र. | ९८५४०४९१११ | ९८६३०२३०१५ | |
| ६ | मालपोत कार्यालय | श्री विनोद कुमार पोखरेल | प्र.मा.अ. | ९८४१९०८०९६ | ९८६३०२३०२५ | ०४८-५४००७३ |
| ७ | जिल्ला आयोजना कार्यान्वयन इकाई (स्था.पू.) | श्री गणेश अर्याल | आयोजना प्रमुख | ९८५४०४३४९१ | ९८६३०२३०४० | ०४८-५४०५५० |
| ८ | जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) | | | | | ०४८-५४०१३८ |
| ९ | जिल्ला सरकारी वकील कार्यालय | श्री कृष्ण प्रसाद बराल | जि.न्यायधिवक्ता | ९८५४०४०४३४ | - | - |
| १० | नयाँ गोरख गण | श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० | ९८६३०२३००३ | ०४८-४०००१० |
| ११ | जिल्ला प्रहरी कार्यालय | श्री बसन्त पाठक | प्र.उ.ना. | ९८५४०५५५५५ | ९८६३०२३००५ | ०४८-५४०१०० |
| १२ | सशस्त्र प्रहरी बल नेपाल | श्री रमेश कुमार थापा | स.उ.ना.प्र. | ९८४१४२३४६६ | ९८६३०२३००४ | ०४८-५४०४७८ |
| १३ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रामेछाप । | श्री सुवास कार्की | प्र.अ..अ | ९८४१९०८०९६ | ९८६३०२३०२३ | - |
| १४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री उमाकान्त आचार्य | प्र.को.नि. | ९८५४०४३८८८ | ९८६३०२३००६ | ०४८-५४०११५ |
| १५ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | श्री जगनाथ पुर्वे | डिभिजन प्रमुख | ९८५२६७४४६२ | ९८६३०२३०३८ | - |
| १६ | जिल्ला निर्वाचन कार्यालय | श्री शम्भु कुमार कटुवाल | निर्वाचन अधिकारी | ९८५४०४०१४६ | ९८६३०२३०२७ | ०४८-५४०१४६ |
| १७ | नापी कार्यालय | श्री सुमन विक्रम पन्थ | नापी अधिकृत | ९८५४०४०४४३ | ९८६३०२३०२८ | ०४८-५४००७४ |
| १८ | शिक्षा विकास तथा समन्वय इकाइ | श्री भरत कुमार भट्टराई | इकाई प्रमुख | ९८४४४४१५४४ | ९८६३०२३०२४ | ०४८-५४०१३४ |
| १९ | जिल्ला हुकाल कार्यालय | श्री मञ्जु शर्मा सुवेदी | हुलाक अधिकृत | ९८४१९२०००५ | ९८६३०२३०२६ | ०४८-५४००३५ |
| २० | सघन शहरी तथा भवन निर्माण आयोजना | श्री अमर बहादुर थापा | आयोजना प्रमुख | ९८४१२४१२९१ | ९८६३०२३०४२ | ०४८-५४०५१२ |
| २१ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | श्री होमनाथ लम्साल | ब .अ.कृ. | ९८४१३४९५९० | - | - |
| २२ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | श्री निर्मल घिमिरे | इकाइ प्रमुख | ९८५११५१८५५ | ९८६३०२३०४१ | ०४८-५४०५४९ |
| २३ | कारागार कार्यालय | श्री मातृका प्रसाद दाहाल | जेलर | ९८५४०७१७७७ | ९८६३०२३०३० | ०४८--४०००३९ |
| २४ | इलाका प्रशासन कार्यालय कार्यालय लाप्चने | - | शाखा अधिकृत | ९८५४०४३१३३ | - | ०४४-६९२१४५ |
| २५ | कृषि ज्ञान केन्द्र | श्री दिनेश आचार्य | ब.अ.वि.कृ. | ९८४१६९४४४२ | ९८६३०२३००८ | ०४८-५४००६३ |
| २६ | स्वास्थ्य कार्यालय | श्री विद्या खनाल | स्वास्थ्य प्रमुख | ९८५४०४४३५५ | ९८६३०२३००९ | ०४८-४०००७२ |
| २७ | पूर्वाधार विकास कार्यालय | श्री सोमराज तिमल्सेना | कार्यालय प्रमुख | ९८५४०४०३७५ | ९८६३०२३०११ | ०४८-५४०४९१ |
| २८ | डिभिजन वन कार्यालय | श्री कृष्णराज न्यौपाने | डि.अ.ब. | ९८५४०४००६८ | ९८६३०२३०१२ | ०४८-४०००६८ |
| २९ | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | श्री रिसव खनाल | डिभिजन प्रमुख | ९८५४०४३१६० | ९८६३०२३०१३ | ०४८-५४०११८ |
| ३० | खानेपानी तथा सरसफाई डिभिजन नं. | श्री सन्तोष कुमार श्रेष्ठ | डि.ई. | ९८५४०४०२५३ | ९८६३०२३०१० | ०४८-५४०११० |
| ३१ | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र | श्री | आयुर्वेद चिकित्सक | - | ९८६३०२३०२२ | ०४८-५४०१४३ |
| ३२ | घेरेलु तथा साना उद्योग विकास समिति | श्री मेघनाथ गौतम | ब.उद्योग अधिकृत | ९८४९५६६९४३ | ९८६३०२३०३१ | ०४८-५४००३६ |
| ३३ | उमाकुण्ड गाउँपालिका | श्री इश्वरी प्रसाद सुवेदी | प्र.अ.प्र. | ९८५४०४३२४० | ९८६३०२३०१६ | - |
| ३४ | खाँडादेवी गाउँपालिका | श्री महाप्रसाद दंगाल | प्र.अ.प्र. | ९८५४०४३७४० | ९८६३०२३०१७ | - |
| ३५ | गोकुलगंगा गाउँपालिका | श्री ओम प्रसाद सुवेदी | प्र.अ.प्र. | ९८५४०४३६४० | ९८६३०२३०१८ | - |
| ३६ | दोरम्बा गाउँपालिका | श्री दिपेन्द्र रेग्मी | प्र.अ.प्र. | ९८५४०६६६०० | ९८६३०२३०१९ | - |
| ३७ | लिखु तामाकोशी गापा | श्री | प्र.अ.प्र. | ९८४१६१४८६६ | ९८६३०२३०२० | - |
| ३८ | सुनापति गाउँपालिका | श्री राममणी काफ्ले | प्र.अ.प्र. | ९८५४०४३८४० | ९८६३०२३०२१ | - |
| ३९ | विद्युत प्रधिकरण | श्री विनोद अधिकारी | कार्यालय प्रमुख | ९८४१५८२०२२ | ९८६३०२३०३२ | ०४८-५४००५१ |
| ४० | नेपाल टेलीकम | श्री विष्णु प्रसाद भण्डारी | कार्यालय प्रमुख | ९८५१११३२६६ | ९८६३०२३०३३ | ०४८-५४०००५ |
| ४१ | नागरिक उड्डयान प्रधिकरण | श्री अमित कुमार चौरसिया | कार्यालय प्रमुख | ९८४५६६७१२५ | ९८६३०२३०३४ | ०४८-५४००८७ |
| ४२ | राष्ट्रिय बाणिज्य बैंक | श्री नानुमाया गदाल | स. प्रबन्धक | ९८५४०४००५६ | ९८६३०२३०३५ | ०४८-५४००५५ |
| ४३ | कृषि विकास बैंक | श्री तेज बहादुर कार्की | प्रबन्धक | ९८४४०३६६१० | ९८६३०२३०३६ | ०४८-५४००३० |
| ४४ | हवाइ इन्धन रिफिलिङ्ग स्टेशन | श्री राजेन्द्र कुमार मास्के | कार्यालय प्रमुख | ९८४१२६९३७२ | ९८६३०२३०३७ | ०४८-५४०४४८ |
| ४५ | स्वास्थ्य बीमा बोर्ड | श्री यज्ञराज ढुङ्गेल | कार्यालय प्रमुख | ९८५४०४३७०८ | - | ०४८-५४०६८१ |
| ४६ | खेलकुद विकास समिति | श्री केशव कटेल | कार्यालय प्रमुख | ९७४२६११९२७ | - | ०४८-५४००२७ |

## १०. कोभिड-१९ सम्बन्धि

### १०.१ कोभिड-१९ सँग सम्बन्धि विभिन्न समितिहरु

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |
| **सल्लाहाकार** | | |
| श्री प्रेम बहादुर खड्का | प्रमुख, जि.स.स. | ९८४०००८७३३ |
| श्री रमेश कुमार बस्नेत | नगर प्रमुख, मन्थली नपा | ९८५१०४८४५८ |

### जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |
| जि.स.अ., श्री फणिन्द्र दाहाल, जि.स.अ. | सदस्य सचिव |

### सल्लाहकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी

### COVID-19 सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्रकुमार कर्ण | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४१४२०७५ |

### जिल्लास्तरीय Radip Respeonse Team (RRT)

| | | |
|---|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | - | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | - | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | - | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | - | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | - | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | - | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | - | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | - | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | - | सदस्य-सचिव |

### स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली न.पा. | प्रमुख | श्री रमेशकुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप न.पा. | प्रमुख | श्री नरबहादुर थापामगर | ९८५१११३८०२ |
| सुनापति गा.पा. | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |
| खाँडादेवी गा.पा. | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| गोकुलगंगा गा.पा. | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गा.पा. | अध्यक्ष | श्री गोबिन्दबहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गा.पा. | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| उमाकुण्ड गा.पा. | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |

## १०.२ कोभिड-१९ सम्बन्धि भएका मुख्य-मुख्य निर्णयहरु

1. प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा देहाय बमोजिमको Deathbody Managemet Team गठन गर्ने ।
   - प्र.जि.अ., श्री रुद्रादेवी शर्मा,जिल्ला प्रशासन कार्यालय
   - सबै पालिका प्रमुख/अध्यक्ष
   - प्रमुख सेनानी, श्री गणेशसिंह भण्डारी, नन्दावक्स गण
   - प्र.ना.उ., श्री बसन्त पाठक, जिल्ला प्रहरी कार्यालय
   - स.प्र.ना.उ., श्री रमेशकुमार थापा, सशस्त्र प्रहरी बल नेपाल
   - प्र.अ.अ., श्री सुवास कार्की, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
   - डा. आनन्द प्रसाद आचार्य, जिल्ला अस्पताल
   - डा. केशवसिं धामी, तामाकोशी अस्पताल
2. विरामी राख्न मोडिफाई गरिएको स्टेचर लगायतका सामानहरु सबै पालिका र अस्पतालहरुले तयारी अवस्थामा राख्ने ।
3. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धित नमुना मापदण्ड, २०७६ स्वीकृत भई सम्पूर्ण पालिकामा पठाईएकोमा नमुना मापदण्डको आधारमा मापदण्ड स्वीकृत गरी आवश्यक व्यक्तिहरुलाई मात्र राहत वितरण गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।
4. गृह मन्त्रालयको मिति २०७७/०१/०६ को पत्रानुसार अनुरोध भए बमोजिम सामाजिक सद्भावमा प्रतिकुल असर पर्ने गरी विभिन्न सञ्चार माध्यम तथा सामाजिक संजाल मार्फत प्रवाह हुने गलत सूचना नियन्त्रण तथा सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा आँच आउन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने ।
5. गृह मन्त्रालयको च.नं. ३५९६ मिति २०७७/०१/०८ को पत्रानुसार विभिन्न स्थानहरुबाट सडक/बाटो अवरुद्ध भएको यसबाट अत्यावश्यक सेवा, शान्ति सुरक्षासँग सम्बन्धित सवारी साधन आवतजावतमा समेत प्रतिकुल असर पर्ने हुँदा यस जिल्ला भित्र सडक बाटो थुनछेक, अवरोध भएको भए अविलम्ब बाटो खुलाउने व्यवस्था गरी आवगमन सूचारु गर्ने।
6. रामेछाप जिल्ला प्रवेश गर्ने खाद्यान्न, तरकारी लगायतका सामाग्रीहरु लिएर आउने सवारी साधनहरुलाई Sanitization गर्नको लागि भैसेश्वर चोकमा Post स्थापना गर्ने । यसको लागि नेपाल रेडक्रस सोसाइटीले Logistic को व्यवस्थापन गर्ने साथै Sanitization सम्बन्धि कार्य गर्ने, उक्त कार्यमा मन्थली नगरपालिका र जिल्ला प्रहरी कार्यालयले आवश्यक समन्वय गर्ने ।
7. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्री बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गरी पठाउने ।
8. जिल्ला अस्पताल रामेछापको Isolation Bed को क्षमता विस्तार गर्न आवश्यक देखिएकोले Bed क्षमता विस्तार गर्न जिल्ला अस्पताल रामेछापले आवश्यक बजेटको लागत अनुमान तयार गरी बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा लेखि पठाउने।
9. नगरपालिका र गाउँ पालिकाका क्वारेन्टाइन वेड अनुगमन गर्दा मापदण्ड अनुकुल आवश्यक सामाग्री राख्न आवश्यक देखिएकोले सबै पालिकाले सामाग्रीहरु (ओढ्ने, ओछ्याउने, झुल सहितको खाट, Personal Hygiene Kits, फोहोर फाल्ने डस्टविन) लगायत खरिद गरी सामाग्री सहितको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
10. COVID-19 Friendly एम्बुलेन्सलाई जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र मातहत राखिएकोले जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र चलाउने व्यवस्था गर्न सबै पालिकालाई अनुरोध गर्ने ।



**जेष्ठ, २०७७ मा भएका निर्णयहरु**

11. पहिलो घेरामा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, सेवाग्राहीसँग प्रत्येक्ष सम्पर्कमा रहेका कर्मचारीहरुको RDT प्रविधिबाट परीक्षण गर्ने ।
12. कोरोना संक्रमित व्यक्ति भेटिएको अवस्थामा संक्रमितको बसोबास गरेको क्षेत्रमा पूर्ण रुपमा सिल गर्ने ।
13. जिल्ला अस्पताल रामेछापमा १० वेड क्षमताको आसोलेसन वेट विस्तार गरी सञ्चालनमा ल्याउने ।
14. आयोजनाको कार्य सञ्चालन गर्दा श्रमिकहरुलाई सम्बन्धित आयोजनाले देहाय बमोजिम गर्नु पर्नेछः
    - अनिवार्य स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउने,
    - एकै स्थानमा आवासको व्यवस्था गर्ने ।
    - श्रमिकहरुलाई कार्य स्थलमै खाना/खाजाको व्यवस्था मिलाउने।
    - आवास स्थल देखि कार्य स्थलसम्म श्रमिकहरुलाई सरक्षित आवात जावतको व्यवस्था गर्ने ।

25. नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभिन्न स्थानमा रहेका चेकप्वाईन्टहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

26. अत्यावश्यक सेवा संचालन गर्ने कार्यालयहरुले समेत स्वास्थ्य सुरक्षा सम्बन्धि उपायहरुको अवलम्वन गरी सामाजिक दुरी कायम गर्दै न्यूनतम कर्मचारीहरुको उपस्थितिमा कार्य संचालन गर्ने व्यवस्था मिलाउने ।

27. जिल्ला प्रशासन कार्यालयको जानकारी र समन्वय विना कोभिड-१९ संक्रमण भएका विभिन्न जिल्लाबाट यस जिल्लामा लुकेर आउने र लुकाउने प्रवृतिलाई निषेध गरिएको छ । कसैबाट यस्तो कार्य भए गरेको पाईएमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकालाई जानकारी गराउनु हुन अनुरोध छ ।

28. संक्रमित जिल्लाहरुबाट यस जिल्लामा प्रवेश गरेका व्यक्तिहरुलाई अनिवार्य रुपमा सम्बन्धित जिल्लाको क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्न सबै पालिकामा अनुरोध गर्ने ।

29. जिल्लामा कुनै SARS-COV-2 संक्रमण देखिएमा स्वास्थ्य कार्यालयले Case, investigation and contact tracing team लाई स्थानीय पालिका र वडाको सहयोगमा गरी क्वारेन्टाइनमा राख्ने ।

30. SARS-COV-2 संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका सबैलाई स्थानीय क्वारेन्टाइनमा राखी स्वाव संकलन गरी RDT/PCR जाँच गर्ने जिम्मेवारी जिल्ला अस्पताल रामेछापलाई दिने र प्राविधिक सहयोग स्वास्थ्य कार्यालयले गर्ने साथै आवतजावत तथा खाने बस्ने व्यवस्था सम्बन्धित पालिकालाई जिम्मेवारी दिने ।

31. सम्बन्धित रोजगारदाता, आयोजना, कार्यालय, स्थानीय तह, सेवा प्रदायक प्रशासनले सामाजिक दूरी कायम गर्ने, अनिवार्य मास्क प्रयोग गर्ने, चेकजाँचको व्यवस्था गर्ने, स्यनिटाइजर वा साबुन पानीले हातधुने व्यवस्था मिलाई सेवा प्रवाहको व्यवस्था गर्ने ।

32. शव व्यवस्थापनको लागि आवश्यक पर्ने सामानहरु स्थानीय तहले व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने। कोभिड-१९ बाट संक्रमित शव व्यवस्थापनको लागि पानीको सहतभन्दा १०० मिटर माथि पर्ने गरी रणजोर खोलामा स्थान तोक्ने र शवलाई गाडेर व्यवस्थापन गर्ने

33. भारत लगायत सीमा नाकाहरु संक्रमित फैलिएको जिल्लाबाट यस जिल्लामा प्रवेश गर्ने नागरिकको लागि यातायात व्यवस्थापन र प्रत्येक पालिकामा थप १००/१०० वटा क्वारेन्टिनको वेड क्षमता विस्तार गर्न सबै पालिकामा अनुरोध गर्ने ।

15. PCR परीक्षण गर्दा पोजेटिभ देखिएमा निजहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुलाई स्थानीय तहसँग समन्वय गरी क्वारेन्टिनमा बसाउने व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने ।

16. मन्थली प्राथमिक स्वास्थ्य केन्द्रको हाता भित्र १६ वटा आइसोलेसन वेड क्षमता विस्तारगर्ने र सोको लागि अनुमानित आवश्यक रकम रु. १३ लाख विनियोजनका लागि बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

17. भारत लगायत कोभिड-१९ सम्बन्धि विभिन्न जिल्लाबाट सेलेघाट नाकामा आउने व्यक्तिहरुलाई होल्ड गरी सम्बन्धित पालिकामा पठाउन सेलेघाटमा होल्डिङ्ग स्थान निर्माण गर्ने ।

18. Covid-19 Friendly एम्बुलेन्सहरुलाई पालिकाको आइसोलेसन र क्वारेन्टिनमा बस्ने सम्पूर्ण व्यक्तिहरुलाई उपचारमा प्रयोग गर्नको लागि सम्बन्धित पालिकाले व्यवस्था मिलाउने र सम्बन्धित पालिकाका कोडिभ-१९ मैत्री एम्बुलेन्स चालकलाई पालिकाले कोभिड-१९ सम्बन्धि बीमाको व्यवस्था मिलाउने

19. स्थानीय तह, रामेछाप उद्योग बाणिज्य संघ, टोल सुधार समिति, सामुदायिक सेवा केन्द्र, नेपाल रेडक्रस सोसाइटीद्धारा सुरक्षा निकायसँगै लकडाउनको पूर्ण पालना गराउन सामाजिक दूरी कायम गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने र टोल सुधार समितिलाई परिचालन गराउन पालिकाहरुलाई अनुरोध गर्ने ।

20. कोभिड-१९ को बढ्दो संक्रमणसँग तिव्र रुपमा परीक्षण बढाउन आवश्यक भएकोले RDT र PCR किट उपलब्ध गराउन प्रदेश स्तरीय संकट व्यवस्थापन केन्द्र, सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

21. कोभिड-१९ मा प्रयोग हुने एम्बुलेन्सको ड्राईभरहरुलाई स्वास्थ्य कार्यालयले तुरुन्त तालिमको व्यवस्था मिलाउने।

22. विदेशबाट जिल्ला फर्केर आउनेलाई नेपाल सरकारले तोकेको Holding Center देखि सम्बन्धित स्थानीय तहहरुसम्म ल्याउन आवश्यक सवारी साधानहरुको व्यवस्थापन सबै स्थानीय तहहरुले आपसी समन्वयमा तत्काल Dedicated सवारी साधनको व्यवस्थापन गर्ने ।

23. तेस्रो मुलुकबाट आउने नागरिकहरुको Paying Quarantine मा राख्नको लागि सम्भावित होटल र गेष्ट हाउसको सूची र सोमा उपलब्ध हुन सक्ने वेड संख्या र सोको लागि लाग्ने न्यूनतम शुल्क समेतको विवरण तयार गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाईटी, होटल व्यवसायी, उद्योग बाणिज्य संघ लगायत सदस्य रहने गरी समिति गठन गर्ने।

24. प्रत्येक पालिकामा रहेका क्वारेन्टाइनमा Disignated Health Personnel खटाउन पालिकालाई अनुरोध गर्ने । साथै Health Check up र क्वारेन्टाइनमा रहेकाहरुको विवरणहरु अभिलेख राख्ने कार्य स्वास्थ्य कार्यालयले निरन्तरता दिने ।

34. क्वारेन्टाइन/आइसोलेसनमा बसेका ५/१० दिन भएका व्यक्ति भारत लगायत संक्रमित जिल्लाबाट आएका व्यक्तिहरुको PCR जाँच गर्ने। PCR Neg. आए पनि १४ दिन सम्म क्वारेन्टाइनमा बस्ने व्यवस्था सम्बन्धि स्थानीय तहले मिलाउने।
35. स्वास्थ्य कार्यालयले सामुदायिक/नीजि अस्पताल/ चिकित्सकसँग समन्वय गरी जिल्ला भित्र क्वारेन्टाइन/ आइसोलेसनमा रहेका व्यक्तिलाई Protocol अनुसार PCR/RDT संकलन/जाँच गर्ने व्यवस्था मिलाउने ।
36. भारत लगायत तेस्रो मुलुकबाट नागरिक आउने क्रम रहेकोले जिल्लाको लागि १०००० थान RDT र ५००० थान VTM उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।
37. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई Paying Quarantine मा बस्नको लागि होटल व्यवसायी संघ मन्थली रामेछापद्धारा उपलब्ध दररेट र होटलको सीट संख्या जिल्ला प्रशासन कार्यालयको वेवसाइट तथा Holding Center मा राख्ने।
38. जिल्लामा अवस्थित बैंक तथा वित्तीय संस्थाहरुले केन्द्रीय बैंकको नीति समेतलाई ध्यान दिई नियमित सेवा प्रवाहको व्यवस्था मिलाउने।
39. सबै सेवा दिने निकाय/व्यवसायीहरुले भौतिक दूरीकायम गराई अनिवार्य रुपमा साबुन पानी र स्यानीटाइजरको प्रयोग गर्ने/गराउने व्यवस्था मिलाउने । अन्यथा दूरी कायम नगरी भिडभाड भएको अवस्थामा सुरक्षाकर्मीहरुबाट बन्द समेत गराउन सकिने ।



**आषाढ, २०७७ मा भएका निर्णयहरु**

40. यस वर्षको मनसुन शुरु भएकोले सम्बन्धित बाढी, पहिरो, डुवानबाट हुन सक्ने विपद्जन्य घटनाको उद्धार तथा पुनस्थापनाको लागि आवश्यक तयारी र विपद्जन्य उपकरणहरु तयारी अवस्थामा राख्न सबै सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।
41. रामेछाप जिल्लामा सबै पालिकाबाट विभिन्न मुलुकमा गएका नागरिकहरु अनुमानित ८८४२ जना रहेको पाइयो।
42. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी काठमाण्डौको प.सं. ७६/७७-३६ मिति २०७७/०३/०१ को पत्रबाट देहाय बमोजिमका विषयहरुमा निर्णय कार्यान्वयनको लागि लेखि आएको हुँदा तपसिल बमोजिम गर्ने ।

क) मेडिकल कलेज नभएका अन्य स्थानहरुमा हाल सञ्चालन भई रहेका क्वारेन्टिनहरु मध्ये नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरेर क्वारेन्टिन स्थलहरुलाई आवश्यक बजेट उपलब्ध गराई आइसोलेसन सेन्टरको रुपमा विकास गर्ने भन्ने निर्णय भएको हुँदा आइसोलेसन अपुग भई क्वारेन्टिनलाई नै आसोलेसन बनाउन बजेट आवश्यक भए **DCCMC** मार्फत **CCMC** सँग माग गर्ने ।

ख) होल्डिङ्ग सेन्टर, क्वारेन्टिन तथा आइसोलेसन सेन्टरको लागि हेण्डबास सिस्टम, अस्थायी शौचालय, पिउनयोग्य पानीको आपूर्ति लगायतका आवश्यक व्यवस्था संघिय खानेपानी ढल व्यवस्थापन आयोजना र खानेपानी तथा सरसफाई डिभिजन नं. ४ ले मिलाउने ।

ग) तेश्रो मुलुक तथा भारतबाट तोकिएको सीमा नाका भै प्रवेश गर्ने नेपाली नागरिकहरुलाई होल्डिङ्ग सेन्टरबाट सम्बन्धित क्वारेन्टिनसम्मको यात्राको दौरान आवश्यक पर्ने एवं होल्डिङ्ग सेन्टर तथा यात्रामा खट्टिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा स्वयसेवकहरुलाई मास्क, स्यानिटाइजर लगायतका स्वास्थ्य सामाग्रीहरु सम्बन्धित होल्डिङ्ग सेन्टरमा स्वास्थ्य कार्यालयले उपलब्ध गराउने।

घ) स्थानीय तहको समन्वयमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा स्थानीय समाजिक संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने औषधी उपकरण बाहेक मास्क, पञ्जा, स्यानिटाइजर जस्ता स्वास्थ्य सामाग्री स्वीकार गरी स्थानीय तहहरुले आवश्यकता अनुसार आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकहरुलाई वितरण गर्ने । साथै आवश्यकता अनुसार क्वारेन्टिन र आइसोलेसनहरुमा समेत वितरण गर्ने ।

43. जिल्लामा रहेका क्वारेन्टिन र आइसोलेसनमा स्वास्थ्यकर्मी पठाई नियमित **Follw up** को व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने ।
44. क्वारेन्टिन तथा आइसोलेसनमा आवश्यक सुरक्षा व्यवस्था जिल्ला प्रहरी कार्यालय मिलाउने ।
45. जिल्ला भित्र रहेका क्वारेन्टिन, आइसोलेसन तथा होल्डिङ्ग सेन्टरहरुको स्थलगत अनुगमन सम्बन्धित स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रबाट गर्ने ।

45. कोभिड-१९ को संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सम्पूर्ण सरकारी, गैरसरकारी कार्यालय, बैंक, वित्तिय संस्था, उद्योगी व्यवसायीहरुले पूर्णरुपमा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना भए नभएको अनुगमन गरी कडाई पूर्वक मापदण्डको पालना गर्ने/गराउने तथा अनिवार्य रुपमा मास्को प्रयोग गर्ने/गराउने व्यवस्था मिलाउने ।

46. सबै स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्ला अस्पतालले कोभिड-१९ को उपचार तथा रोकथामको लागि २०७७ आषाढ मसान्त सम्म प्राप्त भएको बजेट र खर्चको विवरण २०७७ श्रावण ५ गते भित्र जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) मा उपलब्ध गराउने ।

47. प्रदेश स्तरीय संकट व्यवस्थापन केन्द्रको मिति २०७७/०३/१० को निर्णयानुसार प्रदेश सरकारबाट कम्तिमा १० प्रतिशत वेड महिलालाई सुरक्षित गर्ने गरी ५० वेडको आइसोलेसन वार्ड जिल्ला अस्पताल भित्र निर्माण गर्ने, सोको लागि लागत अनुमान पूर्वाधार विकास कार्यालयले गरी आवश्यक बजेट र जनशक्ति व्यवस्थाको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

48. देशभर कोभिड-१९ को महामारी विकराल भइरहेको अवस्था उक्त रोगको चेक जाँचो पनि दायरा बढाउन पर्ने अवस्था भएको हुँदा जिल्लामा कोरोना संक्रमित कोही नछुटुन र जथाभावी जाँचलाई पनि रोक्न जिल्ला भरिको चेक जाँचको समन्वय गरि एकरुपता ल्याउन डा. आनन्द आचार्य (जिल्ला अस्पताल) लाई जिम्मेवारी तोकिएको छ। सोही अनुसार काम गर्न/गराउन सम्पूर्ण स्थानीय तहहरु र सम्बन्धित सबैलाई आग्रह गर्ने ।

49. तेस्रो मुलुकबाट आउने नागरिकलाई काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट रामेछापको सेलेघाटको होल्डिङ्ग सेन्टर सम्म ल्याउने व्यवस्था १ महिनाको लागि रामेछाप उद्योग बाणिज्य संघले गर्ने र त्यसको समन्वय जिल्ला समन्वय समिति र नेपाल रेडक्रस सोसाइटीबाट गर्ने, तत्पश्चात सम्बन्धित पालिकासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

## १०.३ जिल्ला प्रवेश नाकामा होल्डिङ्ग सेन्टर स्थापना

संक्रमित जिल्ला लगायत भारत एवं अन्य मुलुकबाट स्वदेश आउने नागरिकको लागि जिल्लाको मुख्य प्रवेश नाका सेलेघाट प्रहरी चौकी नजिकै खाँडादेवी आधारभूत विद्यालयमा ६० वेड क्षमताको Holding Center निर्माण गरिएको छ ।भारत तथा तेस्रो मुलुकबाट आउनेलाई होल्डिङ सेन्टरमा छुट्टा छुट्टै कोठामा राखी सम्बन्धित पालिकाको क्वारेन्टिनमा पठाउने व्यवस्था मिलाईएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को निर्णानुसार कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि आदेश, २०७७ तथा नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि कार्ययोजना, २०७७ बमोजिम मन्थली नगरपालिकाको सहयोगमा होल्डिङ सेन्टर तयार गरिएको हो । काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट सेलेघाट र सम्बन्धित पालिका सम्म पुऱ्याउने व्यवस्था गरिएको छ ।








**घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

## १०.४ कोभिड-१९ को सम्बन्धि विवरण (आषाढ मसान्त सम्म)

| क्र. स. | स्थानीय तह/ अस्पताल | क्वारेन्टिन वेड संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिको संख्या | | | क्वारेन्टिन रहेको संख्या | क्वारेन्टिनबाट फिर्ता भएको संख्या | आइसोलेसन वेड संख्या | Report Positive आएको | निको भएका | स्वाव संकलन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | | |
| १ | जिल्ला अस्पताल रामेछाप | ० | ० | ० | ० | ० | ० | १८ | ० | | |
| २ | तामाकोशी अस्पताल | ० | ० | ० | ० | ० | ० | १४ | ० | | |
| ३ | रामेछाप सामुदायिक अस्पताल | ० | ० | ० | ० | ० | ० | ४ | ० | | |
| ४ | मन्थली नगरपालिका | ११९ | ६ | १०० | १०६ | १७ | ८९ | १८ | २ | २ | |
| ५ | रामेछाप नगरपालिका | १०० | १० | ८७ | ९७ | २२ | ८० | ३ | ० | | |
| ६ | उमाकुण्ड गाउँपालिका | ५३ | ९ | ३४ | ४३ | ० | ४३ | ० | ० | | ५०८ |
| ७ | खाँडादेवी गाउँपालिका | ५३ | १० | ५९ | ६९ | १७ | ५२ | ११ | ० | | |
| ८ | गोकुलगंगा गाउँपालिका | ४९ | १ | ३७ | ३८ | १० | २८ | ५ | ११ | ११ | |
| ९ | दोरम्बा गाउँपालिका | १६ | १ | १८ | १९ | ४ | १५ | ७ | ० | | |
| १० | लिखु तामाकोशी गा.पा. | ९३ | ६ | ६७ | ७३ | १४ | ५९ | ३ | १० | १० | |
| ११ | सुनापती गाउँपालिका | २६ | ५ | २८ | ३३ | ३ | ३० | ६ | ० | | |
| | जम्मा | ५०९ | ४८ | ४३० | ४७८ | ८७ | ३९६ | ८९ | २३ | २३ | ५०८ |

➩ RDT परीक्षण गरिएको संख्या:- ८९२ जना (महिला १८० पुरुष ७१२)

श्रोत: स्वास्थ्य कार्यालय

➩ स्वाव परीक्षण Report Negative आएको:- ४८५ जना

### १०.५ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछापका कार्यहरु

जिल्ला भित्र हाल सञ्चालनमा रहेका क्वारेन्टिन, आइसोलेसन कक्षमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रद्वारा रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेद औषधी वितरण तथा तनाव व्यवस्थापनका लागि योग कार्यक्रम सञ्चालन गरिएको छ ।

**१. रामेछाप जिल्ला अस्पतालको आईसोलेसन सेन्टर**

- सेवाग्राही संख्या: २४ (COVID Positive १७, स्वास्थ्यकर्मी ७)
- वितरित औषधी:- च्यवनप्राश, अश्वगन्धा चूर्ण, गुडुची चूर्ण, आमलकी चूर्ण

**२. क्वारेन्टाईन सेन्टर**

- गौरीशंकर क्याम्पस तथा वालमन्दिर, नबदर्शन मा.वि.तिल्पुङ,कटहरे, झट्टेश्वर मा.वि. धोव वजार
- मन्थली मा.वि. मन्थली
- सेवाग्राही संख्या: १३४ (सेवाग्राही ७२, जनप्रतिनिधि/ स्वास्थ्यकर्मी/सुरक्षाकर्मी ६२)
- वितरित औषधी:- मेगामाल्ट, अश्वगन्धा चूर्ण, गुडुची चूर्ण, आमलकी चूर्ण

**३. कुल जम्मा सेवाग्राही: १५८ जना**



दूरी कायम गरी आयुर्वेदिक औषधी वितरण गर्दै

### १०.६ एम्बुलेन्स चालकलाई अभिमुखिकरण र शव व्यवस्थापनको डेमो प्रदर्शन

कोभिड-१९ को संक्रमणबाट सावधानी अपनाउनु आजको आवश्यकता हो । बन्दाबन्दीले गर्दा अन्य सवारी साधन प्राप्त मात्रामा चलिरहेको छैन । जुन सुकै विरामीहरु एम्बुलेन्समा लैजानु पर्ने अवस्था छ । कोभिड-१९ को विरामी पनि देखिन थालि सकेको छ । उक्त विरामीलाई क्वारेन्टिन वा आसोलेसनमा लैजादा एम्बुलेन्सको नै प्रयोग गरिएकोछ । PCR परीक्षणमा पोजेटिभ देखिएका विरामीलाई आइसोलेसनमा लैजाँदा एम्बुलेन्स चालकमा संक्रमण नफैलियोग भनेर जिल्ला प्रशासन कार्यालयको समन्वय तथा नेपाली सेना र स्वास्थ्यकर्मीको सहयोगमा एम्बुलेन्स चालकहरुलाई PPE सेट लगाउने तरीका सहितको अभिमुखिकरण दिइएको छ । त्यसै गरी जिल्ला अस्पताल रामेछाप र नयाँ गोरख गण रामेछापको समन्वयमा कोरोना संक्रमित व्यक्तिको शव व्यवस्थापन सम्बन्धि डेमो प्रदर्शन भएको छ ।



डेमो प्रदर्शन

## १०.७ जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोशी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | | ९८४३४९१४३३ | |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७ | |
| | | ९८६११८६९७९ | |

## COVID-19 Friendly एम्वुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली न.पा. (प्रा. स्वास्थ्य केन्द्र गेलू) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गा.पा (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |

## COVID-१९ Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको नाम | सम्पर्क न |
|---|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | नर बहादुर तामाङ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | हरि थापा | ९८५४०४०१२८ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | तिर्थ बहादुर वि.क. | ९८६०४४११२५ |
| | ज १ च १०५१ | कृष्णबहादुर कार्की | ९७४४०५९७९४ |
| स्वास्थ्य चौकी, सुनापति | बा. २ झ ६७६ | चन्द्रलाल चौलागाई | ९८१३५३६९७७ |
| खाँडादेवी गा.पा. | बा १९ च. ३९२२ | कैलाश कार्की | ९८४९७५६७४९ |




*नयाँ गोरख गण रामेछापको प्राविधिक सहयोगमा तयार गरिएको COVID-19 Friendly एम्बुलेन्स*

## १०.८ संघीय मा. स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्रीज्यूबाट अनुगमन तथा निरीक्षण

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका मा. राज्य मन्त्री श्री नवराज रावतज्यूबाट रामेछाप जिल्लामा अनुगमन तथा निरीक्षण भएको छ । माननीय मन्त्रीज्यूले जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकलाई सम्बोधन गर्दै कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिएको नीतिको बारेमा प्रष्ट पार्दै नेपाल सरकार, विश्व स्वास्थ्य संगठन, विज्ञले दिएको सुझाव अनुरुप आगामी दिनमा थप योजनाका साथ अघि बढ्न निर्देशन दिनु भएको छ । बैठक पश्चात रामेछाप जिल्ला अस्पतालको निर्माणाधिन भवन, जिल्ला अस्पतालको आइसोलेसन भवन र रामेछाप नगरपालिकाको क्वारेन्टिनको अनुगमन गर्नु भएको थियो ।



मा.राज्य मन्त्री श्री नवराज रावतज्यूबाट जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकमा सहभागी





जिल्ला अस्पताले RDT परीक्षण गर्दै



प्रमुख जिल्ला अधिकारीबाट क्वारेनटाइन स्थल अनुगमन






## १०.९ बुथ हस्तान्तरण

नेपाल इन्जिनियर एसोसियसन बागमती प्रदेशले जिल्ला अस्पताल रामेछापलाई स्वाव कलेक्सन बुथ उपलब्ध गराएको छ । सुरक्षित रुपमा स्वाव संकल्न गर्न सहयोग गरेको बुथ प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा मार्फत अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रोशन पाखिनलाई हस्तान्तरण गरिएको छ। नेपाल इन्जिनियर एशोसियसन बागमती प्रदेशले जिल्ला विपद् व्यवस्थापन समितिलाई स्वाव संकलन बुथ उपलब्ध गराएको छ। एसोसियसनले उपलब्ध गराएको बुथ प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीलाई उपलब्ध गराउने गरी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माद्धारा मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेतलाई हस्तान्तरण गरिएको छ एशोसियसनको तर्फबाट इन्जिनियर सरोज कार्कीले बुथ प्रदान गरेका थिए। कोरोना संक्रमण परीक्षणका लागि उपयुक्त हुने स्वाव संकलन बुथले स्वास्थ्यकर्मीको सुरक्षा, धेरै PPE को बचत हुने, नेपाली युवाहरुले तयार गरिएका यस्ता प्रविधिको महत्व उल्लेखनिय रहेको छ ।

## ११. आयोजना अनुगमन

बन्दाबन्दीको समयमा बन्द भएका ठूला आयोजना नेपाल सरकारले निश्चित मापदण्डको आधारमा सञ्चालन गर्ने निर्णय गरेपछि सञ्चालन भएका आयोजनामा तराई लगायतका जिल्लाबाट निर्माण सामाग्रीको ढुवानी, कामदारहरुको आवत जावतलाई लिएर समुदायमा गुनासा देखिए पछि जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट लिख-३ जलविद्युत आयोजनाको अनुगमन गरिएको छ । आगामी २०७८ मंसिरमा सम्पन्न हुने आयोजनाको ४५/५० प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ । आयोजनाका संरचना समुदाय भन्दा टाढा भएकोले जोखिम नभएतापनि नेपाल सरकारले तोकेका मापदण्ड अनुरुप सञ्चालन गरी निर्धारित अवधिमा आयोजनाका कार्यहरु सम्पन्न गर्न निर्देशन गरिएको छ ।





*प्र.जि.अ. श्री रुद्रादेवी शर्मा लगायत सुरक्षा निकायका प्रमुख सहितको टोलीबाट लिखुतामाकोशी गाउँपालिकामा रहेको क्वारेन्टिन अनुगमन गर्दै*





*निर्माणिधन जलविद्युत आयोजना अनुगमन गर्दै प्र.जि.अ. रुद्रादेवी शर्मा*

## DCCMC द्वारा अनुगमन

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ रोगबाट यस जिल्लामा पनि देखा पर्न थालेका छन् । भारत लगायत अन्य मुलुकबाट नागरिकहरु घर फर्कने क्रम दिनानु दिन बढी रहेको छ । संक्रमित जिल्ला तथा अन्य स्थानबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्ने व्यवस्था गरिएको छ । लिखु तामाकोशी गाउँपालिकाका विभिन्न वडाहरुमा बनेको क्वारेन्टिन र आइसोलेसन वडाहरुको DCCMC र मानव अधिकारकर्मी तथा सञ्चारकर्मीबाट निरीक्षण गरिएको छ ।

विदेशबाट आउने नागरिकको अवस्था पालिकाबाट भएका गतिविधि विकास निर्माणको अवस्थाका बारेमा छलफल गरिएको थियो ।

विभिन्न वडाहरुमा रहेको क्वारेन्टिनहरुलाई स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको नियमित निगरानीको हिसाबले पालिका केन्द्रीत गर्न सुझाव दिएको छ ।

**कार्यालय वा सार्वजनिक स्थलमा जाँदा आपसमा दुरी कायम गरौं,**
**अनिवार्य मास्कको प्रयोग गरौं, समय समयमा साबुन पानी वा स्यानीटाइजरले हात धुने गरौं ।**

## ११.१ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारीद्वारा अनुगमन

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको संयोजकत्वमा (DCCMC) का पदाधिकारीहरद्वारा २ नगरपालिका र ६ वटा गाउँपालिकामा रहेका क्वारेन्टाइन तथा आइसोलेसन वार्डको अनुगमन गरिएको छ । अनुगमनको क्रममा पालिका प्रमुख/अध्यक्ष सहितका जनप्रतिनिधिहरुसँग पालिकाको शान्ति सुरक्षा खाद्यान्न र राहत वितरणको अवस्था विपद् व्यवस्थापनको तयारी र आयोजनाहरुको विषयमा छलफल गरिएको थियो । स्थानीय क्वारेन्टाइनमा आवश्यक सामाग्री सहित थप मापदण्ड अनुकुल बनाउन आवश्यक देखिएको समितिद्वारा सुझाईएको थियो ।




प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारी, स्वास्थ्य सहितको संयुक्त टोलीबाट खाँडादेवी गाउँपालिकामा क्वारेन्टाइन, आइसोलेसन, बजार लगायत पालिकाको वस्तुस्थितिको अनुगमन गर्दै





*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारी, स्वास्थ्य सहितको संयुक्त टोलीबाट सुनापति/गोकुलगंगा गाउँपालिकामा क्वारेन्टाइन, आइसोलेसन, बजार लगायत पालिकाको वस्तुस्थितिको अनुगमन गर्दै*

# १२. स्थानीय तहबाट थालनी भएका अभ्यासहरु

### निशुल्क औषधी वितरण

उमाकुण्ड गाउँपालिका भित्र रहेका नियमित औषधी सेवन गर्ने दिर्घ रोगीहरुलाई निशुल्क औषधी वितरण गरिएको छ । लकडाउनको अवधिमा पालिकाको स्वास्थ्य शाखा मार्फत निशुल्क रुपमा हाललाई १ महिना सम्मको लागि औषधिहरु वितरण गरिएको र लकडाउनको अवधि बढ्दै गएमा निरन्तर औषधी वितरण गरिने योजना रहेको छ । पहिलो चरणमा गाउँपालिकाका ७ वटै वडाहरुका ३०० जना विरामीहरुलाई औषधी वितरण गरि सकिएको र करीव २५० भन्दा बढी विरामीहरुको लगत संकलन गर्ने कार्य भई सकेको हुँदा उक्त विरामीहरुलाई पनि तत्काल औषधी वितरण गरिने कार्यक्रम रहेको छ । साथै गाउँपालिका क्षेत्र भित्रमा मानसिक विरामीहरुलाई पनि गाउँपालिकाबाट नै मनोसामाजिक परामर्शकर्ताहरु मार्फत परामर्श प्रदान गर्ने कार्य भई रहेको छ।

### राहतको सट्टा रोजगारीको अवसर

खाँडादेवी गाउँपालिकामा रहेका श्रमिक तथा रोजगारी गुमेका नागरिकहरुलाई लक्षित गरी पालिकाले राहतको सट्टामा रोजगारी दिने उद्धेश्यका साथ पालिकाबाट कुल ४० लाख बजेट विनियोजन गरी सबै वडाबाट योजनाहरु छनोट गर्न लगाई योजनाहरुका लागि बजेट विनियोजन गरी सोही योजनाहरुको काममा कोभिड-१९ को कारणबाट रोजगारी गुमेका पालिका भित्रका श्रमिकहरुलाई रोजगारी दिने कार्यको थालनी गरेको छ । सडक, बाटोघाटो निर्माण, खानेपानी मर्मत, मन्दिर, चौतारा, कृषि लगाएतका विकास निर्माणका योजनाहरुलाई प्राथमिकता दिदै सो क्षेत्र अन्तर्गतका योजनाहरु वडा स्तरबाट छनोटका आधारमा पालिकाबाट स्वीकृत गरी उक्त क्षेत्रसँग सम्बन्धित योजनाहरुको निर्माणका कार्य संचालन गर्दा स्काभेटर लगाएतका कुनै मेसिनरी औजार प्रयोग गर्न नदिई पालिका भित्रका नागरिकहरुलाई रोजगारी दिईने व्यवस्था गरिएको छ ।

# १३. नेपाल रेडक्रस सोसाइटी रामेछापबाट भएका कार्यहरु

विश्व समुदायमा महामारीको रुप लिएको कोभिड-१९ को प्रभाव नेपालमा पनि परी रहेको हामी सबैमा अवगत नै छ । यस्तो प्रकारको महामारीको रोकथामतथा नियन्त्रण गर्ने उदेश्यले यस रामेछाप जिल्लामा अन्य जिल्लाहरुबाट प्रवेश गर्ने यात्रु वाहक, मालबाहक लगायत खाद्यान्न तथा अतिआवश्यक बस्तु ढुवानी गर्नका लागि प्रयोग हुने सवारी साधनबाट समेत उक्त संक्रमण फैलन सक्ने जोखिमलाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटी रामेछाप जिल्लाशाखाले उक्त सवारी साधनहरुको किटाणु शोधन (vehicles disinfection) गर्नका लागि (Sodium hypochlorite solution) को प्रयोग गरी जोखिम निर्मलीकरण गर्ने कार्य यसै वर्षको बैशाख महिनाबाट शुरु गरेको छ र हाल सम्म करिब २८३१ (दुइ हजार आठ सय एकतिस) वटा सवारी साधनहरु लाभान्वित भएका छन् । यसै क्रममा कोरोना मैत्री एम्बुलेन्स सेवा समेत यस शाखाबाट संचालित भइरहेको छ ।

**कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि गरेका गतिविधिहरु**

- सरसफाइलाई मध्यनजर गर्दै यस जिल्लाका प्रत्येक गाँउपालिका तथा नगरपालिका, छानिएका वडा तथा क्वारेनटाइन र आइसोलेसन कक्षहरुमा Hand washing station गतिविधि सञ्चालन गरेको छ ।
- Hand washing station गतिविधि अन्तर्गत आवश्यकतालाई मध्यनजर गर्दै १ हजार, ३ सय तथा २ सयका हिलटेक टयाङ्की, ६ थान हातधुने साबुन, पानीखाने जग र सूचना मुलक फ्लेक्स वितरण गरेको छ ।
- यस जिल्लामा सञ्चालनमा रहेका क्वारेन्टाइन तथा आइसोलेसन कक्षहरुमा रेडक्रस रामेछापले ३८ थान बाल्टिन, ५३ थान कम्बल, २८८ थान साबुन, ३२ थान झुल र १२ थान त्रिपाल लगायतका सामाग्रीहरु वितरण गरेको छ ।
- कोरोना भाइरस सम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामाग्री अध्ययनका लागि रेडक्रस रामेछापले सहायताकक्ष (Help desk) सञ्चालन गरेको छ ।
- मन्थली नगरपालिकाको बजार क्षेत्रमा रहेका सर्वसाधरणलाई १ सय पचास थान सर्जिकल मास्क वितरण गरेको छ ।
- कोभिड १९ रोग तथा यस महामारीमा हुन सक्ने महिला हिंसा अन्त्यका लागि सूचना तथा सचेतना मुलक सन्देशहरु रेडियो रेडयो मार्फत प्रशासरण गरिएको छ ।
- कोभिड १९ रोग न्यूनिकरणका लागि नागरिकलाई सचेत बनाउन लक डाउनको अवधिमा जिल्लाशाखाको सवारी प्रयोग गरि माइकिङ गरेको छ ।
- मन्थली नगरपालिकाको केही निजी तथा सामुदायिक विद्यालयहरुमा कोभिड १९ सचेतना तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ ।
- सेवालाई पहिलो प्राथभिकतामा राख्दै यस रेडक्रस रामेछाप जिल्ला शाखाले २ वटा एम्बुलेन्सबाट २४ सै घण्टा आपतकालिन एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ ।
- एम्बुलेन्स चालकको सुरक्षालाई मध्यनजर गर्दै यस शाखाले एम्बुलेन्स चालकलाई पिपिए सेट प्रदान गरेको छ ।
- लक डाउनको अवधिमा पनि रक्त सञ्चार विभागमा रगतको अभावहुन नदिनका लागि इच्छुक रक्तदानगर्ने व्यक्तिको घरमा नै गएर रगत संकलन गर्ने कार्य गरिरहेको छ ।
- गत जेष्ठ ८ गते खाँडादेवी गाँउपालिका वडा नं ३ स्थित नविन माझीको घरमा विद्युत सर्ट भइ आगोले पूरै घर, खाद्यान्न लगायतका सामान जलेर नष्ट भएको बेला नेपाल रेडक्रस सोसाइटी मन्थली शाखाले त्रिपाल, भाडाँ लगायतका गैर खाद्य बस्तुहरु उपलब्ध गराई सहयोग प्रदान गरेको थियो ।





## १४. रामेछाप उद्योग वाणिज्य संघको गतिविधि

१. जिल्लामा अत्यावश्यक खाद्यान्न सामाग्रीहरु आपूर्ति तथा ढुवानीको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जिल्ला अभाव हुन नदिने व्यवस्था मिलाउने कार्यमा सहयोगीको भूमिका निर्वाह गरेको छ।

२. जिल्ला भित्रका सबै पालिकामा रहेको खाद्यान्न सामाग्रीहरुको स्टक रहेको दैनिक उपभोग्य वस्तुको संकलन गर्ने कार्य गरेको ।

३. जिल्ला भित्रिने मुख्य नाका सेलेघाटमा अपलपत्र परेका पैदलयात्री करीव २०० जनालाई खाजा पानीको व्यवस्था गरेको ।

४. लिखु-१ जलविद्युत आयोजनाका श्रमिकहरु मन्थली बजार अलपत्र परेकाहरुलाई बास र खानाको प्रबन्ध गरी सवारी साधन व्यवस्था गरी आयोजना तर्फ पठाएको ।

५. सुरक्षाकर्मीको सहयोगमा अत्यावश्यक वस्तु तथा सेवा प्रदान गर्ने व्यवसायीक स्थानहरुमा सामाजिक दूरी कायम गराईएको ।



सामाजिक दूरीको पालना गराउँदै रामेछाप उद्योग वाणिज्य संघका पादाधकारीहरु






## गैससद्धारा स्वास्थ्य समाग्री सहयोग

गैर सरकारी महासंघले जिल्ला विपद् व्यवस्थापन समिति मार्फत जिल्लाका विभिन्न निकायका अवरोत्र फिल्डमा खटिने सुरक्षाकर्मी, ट्राफिक, प्रहरी, थुनुवा कैदीहरु, जिल्ला प्रशासन कार्यालय रामेछापमा आउने सेवाग्राहीहरुलाई वितरण गर्ने प्रयोजनका लागि मास्क, सेनिटाइजर र सेवाग्राहीको स्वास्थ्य परीक्षणगर्न प्रयोग हुने १ थान थर्मलगन सहयोग गरेकोछ ।

## हेल्थ डेस्कको व्यवस्था

विभिन्न प्रयोजनमा जिल्ला प्रशासन कार्यालयमा प्रवेश गर्ने व्यक्तिहरुलाई स्वास्थ्य परीक्षणको लागि हेल्थ डेक्स स्थापना गरिएको छ । मन्थली नगरपालिकाको सहयोगमा राखिएको हेल्थ डेक्सबाट ज्वरो चेक, मास्क र स्यानीटाइजरको प्रयोग पछि मात्र प्रशासनमा प्रवेश गर्न पाईने व्यवस्था मिलाईएको छ । साथै जिल्लाको मुख्य बजार क्षेत्र मन्थली नपा-१ को भैसेश्वरमा सार्वजनिक यातायात तथा निजी सवारी साधनमा आउने यात्रुहरुलाई सामाजिक दूरी कायम गरी Forehead Thermal Gun को माध्यमबाट स्वास्थ्य परीक्षण गरी हेल्थ डेक्समा आवश्यक सल्लाह/सुझाव दिने व्यवस्था गरिएको छ।

*नयाँ गोरख गण रामेछापखद्धारा तयार गरिएको इप्रोभाइज फेस सिल्ड*





## १५. नेपाल प्रहरीद्वारा श्रमिकहरुलाई घर फिर्ता

कोभिड-१९ को महामारीका कारण बन्दाबन्दी हुँदा यस जिल्ला बाहेक र छिमेकी मित्र राष्ट्र भारतका विभिन्न विकास निर्माण, योजना/आयोजनाहरुमा कार्यरत नागरिक हरुलाई सम्बन्धित जिल्लासँग समन्वय गरी घर फिर्ता पठाईएकोछ ।

**विवरण**

| क्र.स. | स्थायी बसोबास स्थान | संख्या |
|---|---|---|
| १. | पश्चिम बंगाल, भारत | ६६ |
| २. | हिमाञ्चल प्रदेश, भारत | ७ |
| जम्मा | | ७३ |



श्रमिकलाई घर पठाउँदै प्र.ना.उ. बसन्त पाठक

## १६. सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रामेछापद्धारा लकडाउनमा गरिएका कार्यहरु

- लकडाउनको दौरानमा व्यापक मात्रामा मन्थली नगरपालिका, जिल्लामा प्रवेश गर्ने मुख्य नाकाहरु, क्वारेन्टिन रहेको स्थानहरुमा पैदल गस्ती लगायत मोवाइल गस्तीद्वारा सुरक्षा डयुटिमा खटिई चेकजाँच, सुरक्षा चेक पोष्टको स्थापना गरी सवारी पासहरुको जाँच एवं सवारी साधनको नियन्त्रण र कोभिड-१९ सम्बन्धि जनचेतना फैलाउने कार्यहरुसमेत गरेकोछ।
- यस गुल्मद्धारा स्थापित खैरेनीघाट स्थित अस्थायी चेक प्वाइन्ट जहाँ सिन्धुली जिल्लाबाट रामेछाप जिल्लाको सुनापति गाउँपालिका प्रवेशगर्ने साना तथा ठूला सवारी साधनहरु दैनिक रुपमा सैंयौको संख्यामा जिल्लाभित्र भित्रिन्छन्। उक्त स्थानमा सशस्त्र प्रहरी बल नेपालको टोली खटिए पश्चात सतप्रतिशत लकडाउनलाई उल्लंघनहुन दिएको छैन ।
- उपरोक्त ड्युटीहरुमा खटिनुका साथै सवारी दुर्घटना, विपद्मा उद्धार, बन्द हड्ताल, विरोधका कार्यक्रमहरु आदीमा समेत प्रभावकारी ढंगबाट खटिएको छ ।
- सिमित श्रोत साधन र जनशक्तिको बावजुत पनि जिल्लाका जुनसुकै स्थानमा सवारी साधन/पैदल गस्ति द्वारा समग्र जिल्लाको शान्ति सुरक्षा कायम गर्न अहोरात्र खटिई कार्य सम्पादन गर्दै आई रहेको छ ।



## १७. नेपाली सेनाद्धारा गरिएका कार्यहरु

हाल विश्वभर फैलिरहेको कोभिड-१९ को सन्दर्भमा नेपाल सरकारको निर्णय अनुसार तेस्रो मुलुकबाट हवाई मार्ग हुँदै नेपाल भित्रने नेपालीहरुलाई काठमाण्डौ स्थित होल्डिङ्ग एरियाबाट प्रदेश होल्डिङ्ग एरिया र प्रदेश होल्डिङ्ग एरियाबाट सम्बन्धित जिल्ला र पालिकामा उद्धार गरि क्वारेन्टाईनमा राखे योजना अनुसार जिल्ला स्थित DCCMC र यस गणको संयुक्त प्रयासमा काठमाडौ होल्डिङ्ग एरियाबाट सेलेघाट होल्डिङ्ग ल्याउने कार्य नेपाली सेनाको सहयोगमा भएकोछ ।



COVID-19 Friendly सवारी साधन तयार गर्दै नेपाली


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, रामेछाप
फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८
टोल फ्री नं. १६६०४५५४८८८
Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np